# प्रदेश सभा

## सुदूरपश्चिम प्रदेश

२०७५/११/०८

तेस्रो अधिवेसन

(आठौँ बैठक)

बाचन पत्र (रिडिङ्ग पेपर)

**१. माननीय सदस्यहरु,**

यस सभाको तेस्रो अधिवेशनको आठौँ बैठकको कारवाही प्रारम्भ हुन्छ ।

**२. माननीय सदस्यहरु,**

यस सभामा सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओली महोदयको आगमन भएको जानकारी गराउँछु ।

***(जानकारी गराएपछि)***

**३. माननीय सदस्यहरु,**

सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूलाई हार्दिक स्वागत गर्दछु साथै यस सभाको आमन्त्रण स्वीकार गरी सभालाई सम्बोधन गर्ने समय प्रदान गर्नु भएकोमा हार्दिक धन्यवाद दिदै सम्बोधनका लागि आग्रह गर्दछु ।

***(सम्बोधन पछि)***

**४. माननीय सदस्यहरु,**

अब, म सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यूलाई सम्बोधनका लागि धन्यवाद दिदै हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**५. माननीय सदस्यहरू,**

सम्माननीय प्रधानमन्त्री श्री के.पी.शर्मा ओलीज्यू प्रस्थान गर्नुहुने समयमा सम्पूर्ण माननीय सदस्यहरुले आ-आफ्नो स्थानमा उभिइ सम्मान प्रकट गरिदिन हुन आग्रह गर्दछु ।

**६. माननीय सदस्यहरू,**

यस बैठकको कार्वाही यही समाप्त हुन्छ । आजै १५ मिनेट पछि अर्को बैठक बस्ने भएकोले उक्त समय सम्मका लागि बैठक स्थगित भएको घोषणा गर्दछु ।

**७.सम्माननीय प्रधानमन्त्री ज्यू ,**

**सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यू**

**माननीय सभामूख महोदय :–**आज सुदूरपश्चिम प्रदेश सभालाई सम्बोधन गर्ने अवसर प्रदान गर्नुभएकोमा म यहाँलाई हार्दिक धन्यवाद भन्न चाहान्छु । र यस प्रदेश सभालाई गर्ने सम्बोधन मार्फत म प्रदेशका मुख्यमन्त्रिज्यू, मन्त्रिज्यूहरु, प्रदेश सभा सदस्यज्यूहरु, तमाम स्थानीय निकायका जन प्रतिनिधिहरु र प्रदेशका सम्पुर्ण दाजुभाई दिदि बहिनीहरुमा हार्दिक अविवादन भन्न चाहान्छु । यस प्रदेशका प्रदेश प्रमुख स्वास्थ्य उपचारको क्रममा हुनुहुन्छ । म वहाँको सिग्र स्वास्थ्य लाभको निम्ती हार्दिक शुभकामना व्यक्त गर्न चाहान्छु । आज मलाई अत्यन्तै खुसी लागेको छ । यो अत्यन्तै पुरानो सभ्यता गौरवपुर्ण इतिहाश बोकेको । छ ओटा जस्तो भाषा कतिपय धार्मिक आस्था विभिन्न सास्कृतिक विविधतायुक्त ब्याँस हिमाल, अपि हिमाल,जस्ता

प्रशिद्ध हिमालहरु देखि लिएर शुक्लाफाटा सम्मका अत्यन्तै महत्वपूर्ण तिर्थ स्थल,प्राकृतिक स्थल,पुरातात्विक महत्वका स्थल, पवित्र भुमिहरु र अत्यन्त मेहनती जनताको बसोबास भएको यस प्रदेशमा सम्बोधन गर्नु र यस प्रदेशका अकाङ्छाहरु र ति अकाङ्छाहरुको परिपुर्तिका निम्ती विकाश निर्माणका प्रश्नहरुलाई,आवश्यकताहरु लाई सम्बोधनगर्नु यहाँका जनताका समस्या सामाधान गर्ने दिसामा यस गरिमामय प्रदेश सभामा विचारराख्नु अत्यन्तै महत्वपुर्ण कुरा हो भन्ने मैले ठानेको छु । सभामुख महोदय, आज हामी एउटा महत्वपुर्ण बिन्दुमा उभिएका छौं । हामिले यसै पनि हिजो हामिले फाल्गुन ७ गते लोकतन्त्र दिवस, प्रजातन्त्र दिवस मनायौं ६९ वर्ष अगाडी राणा शाशनको अन्धाकार युगबाट बलिदानपुर्ण र सफल जनसंघर्षको माध्यमबाट नेपाल एउटा नयाँ युगमा प्रवेश गरेको थियो । हामिले स्मरण गऱ्यौं । त्यस यता पनी हामी लामोसंघर्षका उतारचडापहरु बाट बलिदानपुर्ण संघर्षका उतारचडापहरु बाट यस ठाउँमा आईपुगेका छौं । आजआन्दोलन सफल भएको छ । हामिले आफैले निर्वाचित गरेको समावेसि र सहभागितामुलक समानुपातिक प्रतिनिधित्वको संविधान सभाबाट सार्वभौम सत्ता जनतामा रहेको अत्यन्तै लोकतान्त्रिक नयाँ मुल्य मान्यताहरु समावेश भएको समाजवाद उन्मुख संविधान निर्माण गरेका छौं । संविधानको कार्यान्वयनको संन्दर्भमा निर्वाचन गरेका छौं । संविधानले भनेका सातै प्रदेशका निर्वाचन र ७५३ ओटै स्थानिय तहका निर्वाचनहरु सम्पन्न गरेका छौं । यसरी एउटा नयाँ सफलताको विन्दुमा हामी पुगेका छौं । र अब राजनितिक

संघर्षको आन्दोलनको समयबाट हामी रास्ट्रलाई आर्थिक उन्नतीको सुशासनको र प्रगतिको बाटोमा लाने त्यस बिन्दुमा उभिएका छौँ । जुन कुरालाई हाम्रा उपलब्धिहरुले अब सम्भब बनाएका छन् । यस प्रसङ्गमा यहाँ सम्म देशलाई ल्याईपुऱ्याउनका निम्ती जुन योगदान हाम्रा आदरणीय शहिदहरुको बलिदानबाट पुगेको छ । हाम्रा योद्धाहरु जस्ले घरबार बरबाद भएको सहनुपरेको छ । परिवार छुट्टीनु परेको छ । घाईते हुनुपरेको छ । अनेक पिडा सहनुभएको छ । सबैमा म स्मरण गर्न चाहान्छु । शहिदहरुप्रति स्रद्धाशुमन अर्पण गर्न चाहान्छु । घाइते र जसले क्षती बेहोर्नु परेकोछ वहाँहरुप्रती मसम्मान ब्यक्त गर्न चाहान्छु । जसले हामिलाई मार्गदर्शन गर्नुभएको छ सम्पुर्ण अग्रजहरुप्रती सम्मान ब्यक्त गर्न चाहान्छु । अहिले हामी यस बिन्दुमा आईपुगेका छौँ र निर्वाचनबाट हामी सबैलाई थाहा छ । एउटा बहुमत सहितको स्थिर सरकार बनेको छ । त्यसले देशमा स्थायीत्व दिएको छ । अस्ती ३ गते मेरो नेतृत्वमा अहिलेका सरकारबनेको एक बर्ष  पुरा भयो । नेपालमा यस्तो लाग्योकि एक बर्ष पुग्यो सरकारकोभन्दा अचम्म मान्नुपर्ने किन कुनै सरकारले एक बर्ष पुग्नै नपाउने  अहिलेसम्म ७ सालदेखी यता ५ बर्ष कुनै सरकार पुग्न पाएन ,कुनै सरकारले ५ बर्षको  आयु भोग्न पाएन जबकी सरकारको आयु साधारणतया ५ बर्ष हुन्छ । अमेरिका र केही देशहरुमा ४ बर्ष हुन्छ । अरु देशहरुमा ५बर्ष हुन्छ । कुनै देशमा बर्सैपिच्छे फेरिन्छ । राष्ट्रप्रमुख भने  जस्तो स्विजरल्याण्डमा हरेक देशमा राष्ट्रपती फेरिन्छ । तर त्यहाँ एउटा प्रणाली छ । त्यो पालै पालोको प्रणाली हो । एउटा राष्ट्रपती त्यो

अस्थिरताको कारणले होईन त्यहाँको नियमको कारणले हो । एउटा राष्ट्रपती एक वर्षका लागी हुन्छ । पहिलो जनवरी बाट अर्को राष्ट्रपती हुन्छ । एउटा राष्ट्रपती एक वर्षका लागी हुन्छ । अर्को जनवरी बाट अर्को राष्ट्रपती हुन्छ । त्यो नियम हो । त्यसमा कुनै तानातान दाउपेच आदिको कुनै आवश्यकता छैन । त्यसले सरकारको अस्थिरता पनि हुदैन,नितीमा अस्थिरता पनि हुदैन व्यवहारमा अस्थिरता पनि हुदैन रअश्वस्थ खेलहरु पनि हुदैन । तर हाम्रोमा अस्थिरता जहिले पनी अस्थिरताको एउटा दाउ एउटा चक्र चलिरह्यो । त्यस स्थितीबाट अब देशले पाठ पाएको छ । साधारण तया भन्नेहो भने हामिले जुन निर्वचन प्रणाली लिएका छौं । त्यसनिर्वाचन प्रणालीबाट बहुमत प्राप्त गर्नु सजिलो छैन । यो प्रत्यक्ष  निर्वाचन प्रणाली वा बढी भोट ल्याउनेले जित्ने प्रणालि जस्तो मात्रै यो प्रणाली होईन । यसमा समानुपातीक प्रतिनिधित्वको प्रणालीले गर्दा फेरी बहुमतमा जित्यो भनेपनि समानुपातीकले त्यसलाई बहुमत  प्राप्त पार्टीको रुपमा उभिन दिदैन । फेरि त्यसलाई घटाईदिन्छ । तर त्यस्तो प्रणालीमा पनि अहिले बहुमतको स्थिति वनेको छ । योनेपाली जनताले वास्तममा अस्थिरताबाट दिक्क भएर अब देशलाई अस्थिरता होईन स्थिरताको बाटामा लानुपर्छ भन्ने खुलस्त अभिमत जाहेर गरेकोस्थिति हो । त्यसकारण अव हामीसंग बहुमतको सरकार छ । र म सभामूख महोदय,यहाँमार्फत माननीयज्युहरुलाई भन्न चाहान्छु । अहिलेको सरकार खाली सङ्ख्यामा बहुमत रहेको हुनाले स्थिर सरकार मात्रै होईन । यो सरकार नितिमा, विचारमा ,दुर दृष्टिमा,भिजनमा उद्येश्यहरु तय गर्ने कुरामा हामी कहाँ पुग्नु

पर्नेछ । त्यस कुरामा अथवा कुन बाटोबाट कस्ता लक्षहरुकासाथ कुनकुन उद्येश्य प्राप्त गर्नका लागी कस्ता नितिहरु तय गरेर जानुपर्छ जस्ता कुराहरुमा यो सरकार बहुतै स्पस्ट छ । नेपालको राजनितिक र सत्ता सञ्चालनको इतिहासमा यस प्रकारको नितिगत स्पष्टता हरेक विषयमा नितिगत स्पष्टता त्येशमा दृढता र तेशको कार्यान्वयनमा सकृयता र तत्पर्ता सहित हाम्रा आन्तरिक निति हून, अथवा बाह्य निति हून हाम्रा विभिन्न विषयका कृषि सम्बन्धी निति, उद्योग सम्बन्धी निति , पर्यटन सम्बन्धी निति, सेवाका क्षेत्रहरुको बिकास सम्बन्धी निति ,अथवा पुर्वाधार निर्माण सम्बन्धी निति,उर्जा सम्बन्धी निति अथवा जुनसुकै निति हुन अथवा आई टि सम्बन्धी निति यि जुनसुकै निति हून यि नितिहरुमा अत्यन्तै स्पष्ट छ । हाम्रो बैदेशिक सम्बन्ध ,बैदेशिक व्यापार ,यस सम्बन्धमा हाम्रा नितिहरु बहुतै स्पष्ट छन् । र नितिगत स्पष्टता बहुमतको स्थिरता सहित अब हामी शुसासन र विकाशको बाटोमा अग्रसर भएका छौं । यतिबेला अब हामिले ति कुराहरुलाई सफल बनाउनका निम्ति अत्यन्तै दृढता ,एकता र सकियतापुर्वक अगाडी जानु छ । यस सभामा उपस्थित हुनुभन्दा अगाडी मैले यस सभामा रहनुभएका सत्ता पक्षका नेता र विपक्षका नेता दुइटै पक्षका नेताज्यु हरुसंग भेट्ने र वहाँहरुका भावनाहरु सङक्षिप्त रुपमा सुन्ने मौका पाएँ । मलाई खुसी लाग्यो कि विकाश निर्माणका प्रश्नमा अन्यन्त जिम्मेवार र एकताबद्ध रुपमा जानुपर्छ भन्ने कुरामा कुनै दुई मतनरहेको शुसासन र विकाशकोप्रश्नमा यस क्षेत्रका विकाशका प्रश्नहरुमा मैले समान धारणाहरु पाएँ । अब यस्तो बेलामा हामी

एकताबद्ध भएर सक्रियताका साथ अगाडी बढ्ने र हाम्रा उद्देश्यहरु,राष्ट्रका साझा अभिभाराहरु पुरा गर्नुपर्ने आवश्यकता छ । म सबै सभासद्ज्युहरु लाई बहुतै स्पष्ट रहन आग्रह गर्दछु ।अहिलेको सरकारले ५ ओटा मुख्य आफ्ना अडानका कुराहरु,दृष्टिकोणका कुराहरु बनाएको छ । पहिलो हामी राष्ट्रियताको सवालमा देशको सार्वभौम सत्ता स्वाधिनता स्वतन्त्रता भौगोलिक अखन्डता राष्ट्रिय हितहरु र स्वाभिमान लाई अत्यन्तै महत्व दिन्छौ र ति कुराहरुलाई रोक्छौं । कहिँबाट उलङ्घन हुन खोज्यो भने हामि रोक्छौं । ति कुराहरुलाई र तिनिहरुको रक्षा गर्छौं । कसैले पनि ति कुराहरुमा तलमाथि गर्न पाउदैन हामि त्यस्तोमा छूट दिदैनौ । यो एउटा एकदमै आधारभूत प्रश्न हो । हाम्रो वैदेशिक सम्बन्ध पारस्परिक लाभ पारस्परिक सम्मानको आधारमा संयुक्त राष्ट्रसंघका वडापत्र पञ्चशिलका सिद्धान्त हरुको आधारमा राष्ट्रिय हितमा अडिएर न्याय र अन्तर राष्ट्रिय उत्तरदायित्वलाई समेत ध्यानमा राखेर हाम्रो देशको आजको विकाशको आवश्यकता लाई केन्द्रविन्दुमा राखेर त्यसो गरिरहँदा हाम्रा कुनै स्वभिमान वा हितहरुलाई तलमाथि पर्न नदिएर अगाडी बढाउने हाम्रो निति रहेको छ । सार्वभौम स्वतन्त्रता सार्वभौम स्वाधीनता सार्वभौम समानता हामि सवै राष्ट्रहरु बराबर हुन्छन् भन्ने ठान्दछौं । र बराबरीको हैसियतमा सवै राष्ट्रहरुका विचमा सम्बन्ध हुनुपर्छ भन्ने ठान्दछौं । त्यसैगरि अगाडी बढ्छौं । यस नितिमा सरकार,दृढ छ । स्पष्ट छ । म माननीयज्यु हरुलाई स्पष्ट रहन आग्रह गर्न चाहान्छु । यसमा कुनै प्रकारको भ्रममा पर्न जरुरी छैन । लोकतन्त्र हामिले लडेर

ल्याएकाहौं एउटा अलिकती हल्ला छ । म स्पष्ट गर्न चाहान्छु । अधिनायकवाद तिर जान थाल्यो भन्ने पनि हल्लाछ । हल्ला चलाईएको छ । कतै कतै बाट यो सरकार अहिलेको सरकार अरुले ल्याईदिएको लोकतन्त्रमा हात थापेर स्विकारेर गएको होईन । यो सरकार लोकतन्त्रका लागी लडेर त्यसको नेतृत्व गरेर त्यसको अघुवाई गरेर लोकतन्त्रका मुल्यमान्यता अनुसार नै आएको सरकार हो । लोकतन्त्र ल्याएर लोकतान्त्रिक विधिवाट आएको सरकार हो । र जनताको विश्वास वाट आएको सरकार हो र लोकतन्त्रमा जनताको अभिमतको कदर गर्नु लोकतन्त्रको पहिलो सर्त हो । त्यसकारण जनताको अभिमतको हामिले कदर गर्नुपर्छ । हामिले लडेर ल्याएको लोकतन्त्र त्यसको रक्षा गर्नु ,त्यस लोकतन्त्रलाई सुदृढ गर्नु र वास्तविक अर्थमा लोकतन्त्रको प्रयोग गर्नु आजको आवश्यकता हो । लोकतन्त्रका विश्वब्यापी मान्यताहरु लोकतन्त्रका आधारभुत मान्यताहरु आफुले परिभाषित गरे अनुसारको लोकतन्त्र होइन यो । विश्वको साझा परिभाषाको लोकतन्त्र हो यो । संयुक्त राष्ट्रसंघले भनेजस्तो लोकतन्त्र होयो । अथवा मानव चेतनाले खोजेको चाहेको लोकतन्त्र आजसम्मका हाम्रा अभ्यासहरुले विकास गरेको लोकतन्त्र शक्ति पृथकिकरणकोसिद्धान्त सहित सन्तुलन नियन्त्रणको सिद्धान्त सहित प्रतिपक्ष वा भिन्न विचार प्रतिको सहिस्णुता सहित संवैधानिक प्रतिपक्ष वा मान्यता प्राप्त प्रतिपक्ष वा सअस्थित्वको सिद्धान्त सहितको लोकतन्त्र र आवधिक निर्वाचन बहुदलीय राजनितिक प्रणाली सहितको पारदर्सि जनताप्रती उत्तरदायी त्यस्तो लोकतन्त्र हो । लोकतन्त्र खाली राजनितिक क्षेत्रमा मात्र होईन । लोकतन्त्र

संकुचित अर्थमा मात्रै होईन । सम्पुर्ण स्वतन्त्रताका हकहरु मौलिक हक स्वाधिनताका हक स्वतन्त्रताका हक यि हकहरुको प्रयोग सहित एउटा व्यवस्थित सभ्य सुसङ्गत लोकतन्त्र लोकतन्त्रका नाउमा जसलाई जे पनि भन्न पाईने गाली गर्न पाईने मुख छाड्न पाईने जसो पनि गर्न पाईने यस्तो खालको होईन लोकतन्त्र जिम्मेवार लोकतन्त्र मैले आफ्नो अधिकारको प्रयोगेगर्छु भने अर्काको अधिकारको  त्यतिबेला हनन् गर्न मिल्दैन । हनन् गर्नु हुँदैनउसको पनि लोकतन्त्र हो भन्ने कुराबुझ्नुपर्छ । त्यसकारण यो सम्पुर्ण लोकतन्त्र हो । र सम्पुर्ण लोकतन्त्र राजनितिक क्षेत्रमा मात्र होईन आर्थिक क्षेत्रमा पनि जनताका खाने,लाउने,बस्ने,छोराछोरी पढाउन सक्ने ,विरामि हुँदा उपचार गर्न सक्ने आदि कुराहरु समेत उपलब्ध हुने लोकतन्त्र खाली जिडिपि र प्रतिव्यक्ती आयको समग्र हिसाब गरेर देखाइने आँकडाको मात्रै लोकतन्त्र होईन । हरेक मान्छे गरिविवाट मुक्त भएको हरेकले छोराछोरी पढाउन सकेको,हरेकको आवाशको प्रबन्ध भएको हरेकले स्वास्थ्य उपचार गराउनेप्रबन्ध भएको त्यस्तोलोकतन्त्रहो ।  प्रतिशतका हिसावले होईन सम्पुर्णले समान अधिकार समान अवसर उत्तिकै सुरक्षा र सम्मान पाउन सक्ने लोकतन्त्र अथवा  सम्पुर्ण अधिकारहरु भएको लोकतन्त्र जसलाई हामिले सामाजिक न्याय समेतको लोकतन्त्र भनेका छौँ । सामाजिक न्याय सहितकोआर्थिक उन्नती भनेका छौँ । सामाजिक न्याय सहितको सम्बृद्धिभनेका छौँ । र सामाजिक न्याय सहितको यस्तो लोकतन्त्रलाई त्यस बाटोलाई हामिले समाजबाद उन्मुख भनेका छौँ । समाजबाद उन्मुख लोकतन्त्र समानता उन्मुख

सम्बृद्धिकालागि क्रियाशिल लोकतन्त्र यस लोकतन्त्रलाई हामिले वास्तविक अर्थको लोकतन्त्र भनेका छौँ । यस कुरामा हामि आज प्रतिबद्ध छौँ र क्रियाशिल छौँ । त्यसै गरेर अर्को नितिमा पनि ,तेस्रो नितिमा पनि हामि स्पष्ट हुन जरुरी छ । यो सामाजिक न्याय र समानताको प्रसङ्ग हाम्रो समाज मैले अघि पनि भने प्रतिव्यक्ती आय अथवा समग्र राष्ट्रिय उत्पादनका आँखडा देखाएर गरिवि ९० प्रतिशत हट्यो भनेर १०प्रतिशत त होनीभनेर १० प्रतिशत मान्छे भोको रहुन्जेल १० प्रतिशत मान्छे नाङ्गो रहुन्जेल १० प्रतिशत मान्छे गरिविको रेखामुनी रहुन्जेल, कष्टहरुमा रहुन्जेलदेश सम्बृद्ध भयो भन्न सकिदैन । त्यसैकारण हामिले राष्ट्रिय आकाङ्छ्याभनेका छौँ योधेरै प्रतिशतको आकाङ्छ्या होईन सम्पुर्णकोआकाङ्छ्या हो । धेरै प्रतिशतका निम्तीको होईनसम्पुर्णका निम्ती को , त्यसैकारण सम्बृद्ध नेपाल सुखी नेपाली भनेका हौँ । धेरै चाहीँ सुखी थोरै सानो प्रतिशत त दुखी भएपनि हुन्छ भन्ने कुरा हुदैन सम्पुर्ण सुखी हुनुपर्दछ । यसकारण यो समाजबाद उन्मुख भनेको कतिपयले यसलाई नबुझ्रेरअव यो कम्युनिष्ट अधिनायकबादतिर जान लाग्योभन्ने कम्युनिष्ट भनेकै अधिनायकबाद होईन , कम्युनिष्ट भनेको अधिकतम लोकतन्त्र हो । कम्युनिष्टभनेको जनताको लोकतन्त्र हो । त्यसैकारण यो भ्रमपुर्ण ढङ्गले ब्याख्या हुने गरेको छ । त्यसमा न अलमलिन म आग्रहचाहान्छु ।अहिलेको सरकारलेकुनै तानाशाही सहन त के सुन्न पनि तयार हुँदैन । यो लोकतन्त्रका लागि लडेर आएको हो । र यसले यसले सामाजिक अससमानता र बिभेद जस्ता कुराहरुलाई सहँदैन हाम्रो समाज अर्थिक बिसम्ता

र सामाजिक बिसम्ता बरणाश्रम ब्यवस्था समेतबाट पार भएर आयो र अपमानजनक स्थितिहरुसमेत सहेर आयो र त्यसकारण अब नेपाली समाज पुर्णतह क्षमतामुलक समाज हो । महिलाहरुलाई अगाडी बढाउनै पर्दछ । त्यसकारणहामिले हाम्रै पहल प्रयासमा हामिले ३३ प्रतिशत महिलाको व्यवस्था गर्‍यौं । दुनियाँका केहि देशहरुबाहेक दुनियाँमा गएर हामि भन्न सक्छौं । कमसेकम गर्वकासाथ भन्न सक्छौं कि हाम्रो देशमा राष्ट्रपती पनि महिला हुनुहुन्छ । हाम्रो देशमा अलिक अगाडीसम्म प्रधानन्यायाधिस, अलिक अगाडीसम्म सभामुख, तिनओटै अङ्गका प्रमुखहरु नैमहिला हुनुहुन्छ ।अहिले पनि राष्ट्रपति महिला हुनुहुन्छ र् हाम्रो महिलाहरुको सङ्ख्या देशभरिको निकायहरुमा कुरा गर्नेहोभने४१ प्रतिशत महिलाहरुको सहभागिता छ । राजनितिक जनप्रतिनिधी निकायहरुमा दुनियाँका केहि देशहरुमात्रै यस्तो छ । थोरै देशहरुमात्रै छन् जसले हामीसंग यस मामलामा प्रतिस्प्रधागर्न सक्छ ।४१ प्रतिशत महिला सहभागिता हाम्रोमा बाहेक मैले भने १ दर्जन मुलुक पुग्दैनन् १९३ देशहरुमध्ये १ दर्जन मुलुक पुग्दैनन् जसको महिलाहरुको प्रतिशत हाम्रो बराबर छ । हामिकहाँ बरणाश्रम व्यवस्था थियो, अहिलेपनिहाम्रो समाजमा पछौटेपनछ अहिले पनि हाम्रोमा चेतनाको कमी र छाउपडी जस्ता प्रथाहरु अरु यस्ता अनेक कु प्रथाहरु छन् । कु संस्कारले चलाएका कुराहरु छन् । यस्तो समाजलाई हामिले चेतनामुलक कार्यक्रमहरुमार्फत समतामुलक समाजमा विकास गर्नु छ । जुन कुरा हामि गर्न अगाडी बढीरहेका छौं । र समाजलाई सामाजिक न्याय र समानतामा आधारित सामाजिक सद्भावको मजबुत जगमा

उभिएको राष्ट्रिय एकतामा आबद्ध त्यस्तो नेपाली राष्ट्र नेपाली समाज र नेपाल देशलाई यस्तो राष्ट्रिय एकतामा हामिले आबद्ध गर्नुपर्छ । हामि भौगोलिक हिसाबले बिबिधतामा छौँर । बिश्वको सर्बोच्छ शिखर सगरमाथा देखि लिएरकेचनाकवल जस्तो अत्यन्त थोरै ५८ मिटर मात्र उचाई भएकोहोचो भुभाग हामिसंग छ । त्यसै गरेर जैविक वनस्पतीय विविधता हामिसंग छ । यो हाम्रो ठुलो सम्पती हो त्यसले स्वभाविक रुपमा हाम्रो समाजको ईतिहास हाम्रो समाजको बनावटहाम्रो समाजको पृष्ठभुमि त्यसले पनि विविधता छ नै त्यो विविधता हाम्रो सुन्दरता हो,त्यो विविधता हाम्रो सम्पति हो । त्यसलाई हामिले दुरुपयोग गर्न दिनुहुँदैन । हामिहरुका विचमा फाटो ल्याउने यस विविधतालाई दुरुपयोग गरेर परस्परमा घृणाको खेति मच्चाउने त्यो घृणाको खेति सप्रिएपछी त्यसलाई द्वन्द उद्योगमा बदल्दिने र द्वन्द उद्योग मच्चिएपछि  द्वन्द व्यवस्थापनको अर्को व्यवसाय सुरु गर्ने र हामिलाईसधैँ प्रयोगको थलो बनाईरहने त्यस्तो प्रकारका प्रयासहरु भए तर नेपाली जनताको आजको चेतनास्तर लाई धन्यवाद भन्नुपर्छ । कि नेपाली त्यस्ता प्रयासहरुलाई अस्विकार गरेर राष्ट्रिय एकतालाई खलबल्याउन नदिएर खलबल्याउन खोजिएको थियो । भुगोलको आधारमा ,भौगोलिक संक्रिणताको आधारमा जातिय संक्रिणता र सम्प्रदायिक विद्येशका आधारमा भड्काउन खोजिएको थियो तिनलाई आधार बनाउन खोजिएको थियो तर नेपाली जनताले त्यसलाई अस्विकार गर्‍यो र हामिले त्यस्तो होईन हाम्रा प्रदेशहरु जातका आधारमा होईन भुगोलका आधारमा हाम्रा प्रदेशहरु भैगोलिक सुगमताका आधारमा ,हाम्रा प्रदेशहरु

समाज निर्माणका आधारमा , हाम्रा प्रदेशहरु आर्थिक उन्नतिको सम्भावना का आधारमा यस्ता सकारात्मक आधारहरुमा हाम्रा प्रदेशहरु वा हाम्रा स्थानीय तहहरु पालिकाहरु यसरी निर्माण हुनुपर्छ भन्ने हाम्रो समाजले वकालत गर्‍योहाम्रो समाजले पृष्ठपोषण गर्‍यो रहाम्रो संविधानमातद अनुसार नै व्यवस्था गरियो । जातजातका राज्यका निकै कुराहरु चले जातजातका राज्य अनेक प्रकारका जातिय कुराहरुलाई उछालेर वास्तविक समस्याबाट गरिविका समस्याबाट पछौटे पनका समस्याबाट ,शिक्षाका समस्याबाट,रोजगारिका समस्याबाट,स्वास्थ्यका समस्याबाट आर्थिक उन्नतिका समस्याबाट ,विकास निर्माणका समस्याहरुबाट साम्प्रदायिक विद्वेस का विषयहरुलाई समस्याको रुपमा उछाल्न खोजियो यो वास्तविक होईनन् तिनिहरुजति उछाल्यो त्यतिनोक्सान हुन्छ । समाजलाई त्यति विभाजित हुन्छ र त्यती विकास निर्माणका सम्भावनाहरु समाप्त हुन्छन् त्यसकारण हामिले राष्ट्रिय एकताको बाटो लियौँ ।अहिलेको सरकार हिजो अनेक बवन्डर मच्चिएका बेला पनि यस सामाजिक न्याय र समानतामा आधारित राष्ट्रिय सहिस्णुता र सद्भावका साथ एकता, राष्ट्रिय एकताको पक्षका निम्ती अनवरत,अथक,दृढ संघर्ष गरेर आएको हो र अहिले पनि त्यस कुरालाई सफलतापुर्वक अगाडी बढाई रहेको छ । यस तेस्रो नितिमा पनि म सम्पुर्ण साथिहरुलाई आग्रह गर्न चाहान्छु कि स्पष्ट हुनु जरुरी छ । कुनै दुविधा रहनु हुँदैन हामि त्यस नितिमा अहिलेको सरकार छ र यो निति नै हाम्रो देशको लागी सही निती हो । राष्ट्रिय एकताको निती सामाजिक न्याय र समानता सहित अगाडी बढ्ने निति

विद्वयस होईन सद्भावको निती ,असहिस्णुता होईन सहिस्णुताको निती र यस नितीबाटै हामि अगाडी बढ्नुपर्छ । र समानतातर्फ जान पछाडी परेको हिस्सालाई अगाडी ल्याउने ति जातीय हिसाबले हुन ,लैंगिक हिसावले हुन वा अरु हिसाबले क्षेत्रिय हिसावले हुन भुगोलकोहिसावले हुन जुनसुकै हिसाबले पछाडी परेको क्षेत्र, समुदाय त्यसलाई अगाडी ल्याउने विषेश नितीकासाथ हामी अगाडी बढ्नुपर्छ । यो हाम्रो तेस्रो निति हो । चौथो हाम्रोमा स्थायित्व र स्थिरता आएको छ । मै ले अघि नै भने बैचारिक स्थायित्व र संख्यात्मक हिसाबले बहुमतको सरकारले बनाएको स्थायित्व बैचारिक स्थायित्व नितिगत स्थायित्वले आज दुनियाँ अब नेपालमा केहि गर्न सकिन्छ ,सहकार्य गर्न सकिन्छ ,लगानी गर्न सकिन्छ नितिहरु स्पष्ट छन् भन्ने बिन्दुमा आईपुगेको छ । त्यसकारण कुनै बहकावमा हामि जान हुँदैन हाम्रा नितिहरु स्पष्ट छन् र ति नितिहरुका साथ यो भन्दा बढी जनताले के दिने कुन पार्टीलाई दियो छोडिदिउँ , कसलाई बहुमत दियो कसको बहुमत आयो छोडिदिउँ जसको आयो उसले राम्रो काम गरेन भने त्यसलाईपनि नराम्रोहुन्छ जस्तो लाग्छ । त्यसकारण जसको पनि बहुमत आउछ उसले देश र जनताको हितको निम्ती स्पष्ट नितिका साथदृढताका साथ सक्रियताका साथ तिब्र विकासका नितिका साथ अगाडी बढ्नुपर्छ र फेरि निर्वाचन आउँछ भन्ने कुरा ख्याल राख्नुपर्छ फेरि निर्वाचन आएर जनताका विचमा जानुपर्छ भन्ने कुरा ख्याल राख्नुपर्छ । राम्रै काम गर्नका लागी जनताले छानेका हुन् र अहिले जनताले एउटा अस्थिरतालाई समाप्त पार्ने स्थायित्वको बाटो समातेका छन् रहामिलाई स्थायित्व

चाहिएकोछ हामिलाई शान्ती चाहिएको हामिलाई शान्ती प्रक्रिया हिजो हामी द्वन्दमा थियौं । त्यसवाट शान्ती प्रक्रिया अगाडी बढाएर युद्धविरामबाट शान्ती प्रक्रियाहुँदै बृहत शान्ती सम्झौताबाट शान्ती स्थापना गरेका छौं । अब शान्ती स्थापना भईसकेको छ । शान्ती प्रक्रिया टुंगिएको छ ।खाली हिजोका अशान्तीकाद्वन्दका घाउहरु बाँकि छन्ति घाउहरुमा मलम पट्टीगर्नुपर्नेछ । यो भनेको द्वन्द कायम रहेको होईन दुईजनामा झगडा भए घाइतेभएभने लडाई सिद्धिएपछि पनि लडाइ नै छ भन्ने कुरा हुदैन तर घाउ चाँहि बाँकि रहेको हुनसक्छ । लडाई र घाउ बेग्लै हो ,लडाई र लडाईको असर बेग्लैहो आज हामि लडाईमा छैनौं लडाईका असरहरु लडाईका घाउहरुमा मलम पट्टी गर्नुपर्ने यो असरहरुलाई टुंग्याउनुपर्ने र पिडितहरुलाई कसरी न्याय दिन सकिन्छ भन्ने कुरामा जानुपर्ने र मुलत:द्वन्द व्यवस्थापन भयो अशान्ती अन्त्य भयो द्वन्द समाप्त भयो सबभन्दा ठुलो उपलब्धी यहि हो । अब यति भैसकेपछि घाउहरु कोट्याएर पनि समस्या खडा गर्ने प्रयासहरु पनि हुन सक्दछन् ।फेरी शान्ती हुन नदिने घाउ कोट्याउनेप्रयासहरु हुन सक्दछन त्यतापट्टी हामी जानु हुँदैन । अब सत्यनिरुपण मेलमिलाप र बेपत्ता सम्बन्धी आयोगका सम्बन्धमा हामिले ऐन पनि संशोधन गरेर अब हिजो एउटा असहज स्थिति थियो आयोगहरुले आफ्नो काम पुरा गर्न सकेनन् त्यस्तो अवस्थामा पुरा गर्नका निम्ती के कसो गर्न सकिन्छ तर आयोगको अवधि समाप्त नभईहालोस भनेर हामिले अस्ती२६गतेभन्दा अगाडी नै २५ गते सम्ममा माघ २५ सम्ममा

कानूनहरु बनाई सकेका छौं । त्यसकारण अब शान्ती हाम्रोमा आईसकेको छ । जुन कुरा अत्यन्त महत्वपूर्ण छ । यसमा सरकार अत्यन्तै स्पष्ट छ । कि कुनै पनि नाममा कुनैपनि बाहानामा अब लोकतन्त्र यो भन्दा के हुन्छ । जनताले बनाएको संविधानसभाले निर्वाचित संविधान सभाले बनाएको संविधान छ । त्यसले जनताका मौलिक हकहरु धारा १६ देखि ४८ सम्म भाग ३ मा त्यत्रो व्यवस्था गरेको छ । त्यसका निम्ती अब कार्यान्वयनका निम्ती कार्या नयनका कानून हरु पनि १६ ओटा कानुनहरु बनी सक्या छन् । त्यस माथि के हुन्छ त त्यो भन्दा बढी के गर्नुपर्छ के हुनुपर्छ । त्यसर्थ हामि प्रणालीको हिसाबले भनु दुनियामा स्थापित मुल्य मान्यताको लोकतन्त्र आवधिक निर्वाचन माथिदेखि तलसम्म अब सक्ती बिकेन्द्रीतमात्रै होईन सक्ती हस्तान्तरण भएको छ । बिकेन्द्रीत गरिएको भन्दा बढी हस्तान्तरणमा गएको छ । सक्ती तल्ला तहसम्म हस्तान्तरण भएको छ । तसर्थ अब क्रान्तीका नामका कुनै लप्फाजी केहि अर्थ छैन क्रान्तीका नाममा असान्ती मच्चाउने देशलाई प्रगतिको बाटोमा अगाडी बढ्न नदिने देशलाई गरिब बनाईरहने देशलाई उन्नतीको बाटोमा जान नदिने बाटा बन्न नदिने, बिद्युत उत्पादन हुन नदिने, बिद्युत वितरण हुन नदिने, या पुर्वाधारहरु निर्माण हुन नदिने वा आधुनिकिकरणमा जान नदिने अनि कस्तो चाँहि व्यवस्था खोजेको होत कस्ले भनेको मानिदिनुपर्ने जनताले भनेको मान्य नहुने कस्ले भनेको मानिदिनुपर्ने यस प्रकारका कुनैपनि राजनितीक खोल ओढेर राननितीक आवरणमा लुटपाटका कुराहरु चन्दाका नाममा लुटपाटका कुराहरु वा राजनितीक असन्तुस्टीका नाममा हिंसा

मच्चाउने कुराहरु यि राजनितीक प्रवृती नै होइनन् । यि देशलाई बिगार्ने डुबाउने अपराधिक योजना अर्न्तगतका कुरा हुन् । जुनप्रती सरकार चुप लागेर बस्ने छैन । म स्पष्ट भन्न चाहान्छु । सरकारले शान्ती सुव्यवस्था कायम गर्छ । किनभने देशमा विकास आवश्यक छ । शान्ती सुव्यवस्था विना विकाश सम्भव छैन र अकारण जनतालाई आतंकित बनाउने बिकास निर्माणका कार्यहरुलाई अगाडी बढ्न नदिने र अन्तरराष्ट्रिय रुपमा गलत संदेश प्रवाहित गर्ने हाम्रो पर्यटन व्यवसाय उद्योग अथवा अरु खालका औद्योगिक, व्यवसायिक,क्रियाकलापहरुलाई व्यवधान पार्ने खालका कुराहरु मान्य हुन सक्दैनन् । हामि तुरन्तै चैत्रको १४ /१५ मा विश्व शिखर सम्मेलन गर्दैछौं । त्यसको आयोजना गर्दैछौं त्यसका अगाडी बिभिन्न प्रयासहरु हुन खोजेका छनकि त्यो नहोस त्यसलाई बिथोल्न सकियोस भन्ने कुराहरु विभिन्न प्रयास हरु विभिन्न ढंगले ति कुराहरु कुनैपनि हालतमा स्विकार्य हुन सक्दैनन् ।अरुणथरको अस्ती पड्काउने काम भो जलाउने काम भयो तोडफोड गर्ने काम भो । त्यो भारतसंगको सम्बन्ध विगार्ने एउटा प्रयास भो नेपालमा बाह्य लगानी नआओस भन्नका निम्ती अर्को प्रयास भो । लगानी सम्मेलनमा गलत सन्देस जाओस भन्नका निम्ती अर्को प्रयास भो एकैचोटी त्यस्ता धेरै प्रयास र धेरैओटा सन्देशहरु दिन खोजेको छ । त्यो उचित होईन । अर्कोतिर केहिकेही तत्वहरु प्रतिगमनका पनि कुरा गर्दै हिँडेका छन् । कोहि धर्मका नाममा धर्मका आडमा हिन्दुत्वका आडमा कोहि के का आडमा प्रतिगमनका सपना देखेर हिँडेका छन् नेपाली जनता त्यती मुर्ख छैनन् अब २००७ सालमा भागेको

राजादिल्लीबाट डोकोमाबोकेर ल्याएर दरवारमा राखेर कत्रो दुख पाउनुपर्‍यो नेपाली जनताले त्यो नेपाली जनतालाई राम्ररी थाहा छ। त्यसकारण ५८ बर्ष थप नेपाली जनताले दुःख पाउनुपर्‍यो । जन्मसिद्ध श्रेष्ठताको सिद्धान्त अहिलेको सरकारले मान्दैन । कोहि जन्मिदै शासक भएर जन्मिन्छ । कोहि भगवानको अवतार हुन्छ । यस्ता फाल्तु कुराहरुकुनै आधार नभएका निराधार तर्क नभएका कुतर्क बैज्ञानिक तथ्य नभएका पुरातनपति थोत्रा कुराहरु र शोषणकारी कुराहरु यस्ता कुराहरु जनविरोधि कुराहरु अहिलेको सरकारले विश्वास पनि गर्दैन मान्दापनी मान्दैन । त्यसैकारण यो नेपाली जनताको भावनाहो त्यसकारण त्यस्ता खालका प्रयासहरुलाई पनि हामि नजिकबाट हेरिरहेका छौं र त्यस्ता प्रयासहरुलाई आवश्यक समयमा आवश्यक स्तरमा नियन्त्रण गर्नुपर्ने हुनसक्छ त्यो म भन्न चाहान्छु । धर्म स्वतन्त्रता छ । आफ्नो आफ्नो धर्म मानेभोतर कुनै धर्मका नाममा कुनै राजनितिकउद्येश्य प्राप्त गर्छु भनेर गलत उद्देश्मा प्रतिगमनतर्फ लाने नेपाली जनताका भावनामाथी खेलवाड गर्ने धार्मिक भावनाको दुरुपयोग गर्नेखालका चेष्टा कसैले गर्छ भने त्यस्ता चेष्टाहरु लाईअसफल बनाउन सरकार सजक छ। सरकार आँखा खोलेरै यि सवै कुराहरुलाई हेरिरहेको छ । कान खुला राखेर नै सुनिरहेको छ। र यस्ता कुराहरुको सामना गर्न यो सरकार सक्षम छ । फेरी बिभिन्न प्रकारका दाउपेचबाट ढलिहाल्ने खालको सरकार होईन बहुमत यो संग छ र यसले देश रजनताको हितको पक्षमा आवश्यक निर्णय र कदम चाल्न सक्छ। त्यसकारण यसमा पनि साथिहरु सरकारका नितिसंग स्पष्ट हुनुपर्छ भन्ने मलाई

लाग्छ । र आर्को पाँचौ कुरा ये चारओटा चिजहरुलाई हामिले मुलत: प्राप्त गरका छौँ र यसलाई प्लास्टर गरेका छौँ । हामिले राष्ट्रियताको सवालमा स्पष्ट निति बनाएर सार्वभौम समानताका आधारमा सम्बन्धलाई विकास विस्तार गरेका छौँ । व्यबहारमा त्यसलाई प्रयोग गरेका छौँ । लोकतन्त्रको सवालमा हामिले व्यबहारमा त्यसलाई प्रयोग गरेका छौँ । सामाजिक न्याय समानताको सम्बन्धमा त्यस बाटोमा हामि व्यबहारिक रुपमा हामि अग्रसर भैसकेका छौँ । स्थयित्व स्थिरता र शान्तीको सर्न्दभमा हामि स्पष्ट छौँ र त्यो प्राप्त गरिसकेका छौँ । अब हाम्रो काम सुशासन र बिकास जो नेपाली जनता चाहान्छ । त्यो चिज हासिल गर्नु हो । त्यसका निम्ती गएको १ वर्ष संबिधान कार्यान्वयनका निम्ती कानुन निर्माण गर्ने कुरामा हामिले खर्च गर्नुपर्‍यो । एक वर्ष हामिले कानून निमार्णका सम्वन्धमा खर्च गर्‍यौं । १ वर्ष हामिले यहाँहरु निर्वाचित भएर कहाँ सवार गर्ने भनेर तय थिएन प्रदेश प्रमुखको कार्यालय कहाँ हुने निवास कहाँ हुने थाहा छैन,मुख्य मन्त्रालय कहाँ हुने थाहा छैन मुख्य मन्त्रीको निवास कहाँ हुने त्यो पनि थाहा छैन । क कसको हैसियत केहो के सुविधा पाउने के काम गनुपर्नेके के जिम्मेवारीहो त्यो पनि थाहा छैन । त्यस्तो स्थितिमा हामिले कानुनहरु निर्माण गर्नुपर्‍यो एकातिर यो यो काम यसरी गर्ने भन्ने कुरा अर्कातिर आश्विन २ गते सम्ममा हामिले मौलिक हक कार्यान्वयन सम्बन्धी संविधानको व्यबस्था बमोजिम नै कानुनहरु बनाईसक्नु गर्ने थियो । यि सबै काम हाम्रा निम्ती एकैचोटी आए वित्तीय ब्यवस्था

गर्नुगर्नेकुरा एकैचोटी आयो र हामिले बिकास निर्माणका कामलाई पनिअगाडी बढाउनु छ । दैनन् दिन सरकार सञ्चालन प्रशासन संचालनका नियमित कामहरु त छदै थिए यी सबै काम पनि एकैचोटी गर्नुपर्‍यो । यस विचमा यीसबै काम पुरा भईसक्नु थिएन तर अधारभुत रुपमा पुरा भएको छ । आधारभुत रुपमा सभा सरकार अथवा सरकारका प्रतिनिधीहरु कहाँ बस्ने कसरी कहाँ क्याबिनेट कहाँ हुने ,सभा कहाँ गर्ने सभाहल कहाँ हो होलान अस्थायी नै होलान । अहिले एकदम स्थायी नै बनाईहाल्न सकिने अवस्था पनि बनी हाल्दैन एक बर्षभित्र सबै काम गर्न सकिदैन तर यी सबै कुराको ब्यवस्थापन भयो । कर्मचारी समायोजन यद्धपी यो सजिलो कुरा होईन र म यहाँहरुलाई भन्न चाहान्छु यस्तो बिलकुल सर्बथा नयाँप्रणाली जहाँअरुको दृष्टान्त लोकतन्त्रको सवालमा पनि अरुको दृष्ठान्तकाम लाग्दैन । बेलायती ढाँचाको संसदीय प्रणाली ठ्याक्कै हाईन यो,यो समाजबाद उन्मुख छ ।समतामुलक समाज निर्माण गर्ने दिसामा केन्द्रित छ ,यो समाबेसिता सहितको छ ।यो समानुपातिक प्रतिनिधित्व सहितको छ । दुई सधनात्मक भनेकोHouse Of Lots होईन यो माथिल्लो सदन तल्लो सदन दुईटैHouse Of Lots and commansहोईनcommans नै commans को होन । बेलायती पाराको जस्तो अपरहाउस होईन हाम्रो अरुसंग मिल्दैन हामिले नयाँ प्रयोग गरेका छौं ।शान्ती प्रक्रिया नयाँ प्रयोग गर्‍यौंआफ्नै ढङ्गले प्रयोग गरेका छौं हामिले र यो प्रणाली पनि हामिले आफनै ढङ्गले ल्याएका छौंजहाँअरुको कुनै

दृष्टान्त हामि लिन सक्दैनौं आफ्नै दृष्टान्त कुनै थिएनत्यस्तो अवस्थामा अरुका कानुन पनि हमिलाई त्यती काम लाग्दैन । हामिले आफैले बनाउनुपर्ने अवस्था थियो । त्यसकारण यस्तो अवस्थामा यो गएको बर्ष मैले २ गतेको आफ्नो सम्बोदनमा पनि भने यो आधार बर्ष हो यो ५बर्षको सरकारका निम्ती मात्र होईन भविश्यका निम्ती पनि अब लामो समयका निम्ती यहि आधार बर्ष हो जसले संरचनाहरु तयार गर्‍यो जसले वित्तिय बाँडफाँडको थिति बसायो जसले कर्मचारी समायोजन गर्‍यो जसले बिभिन्न संरचनाहरु निर्माण गर्‍यो जसले एउटा आकार दियोसंघिय लोकतान्त्रिक गणतन्त्रलाई आकार दियो । र बिकास निर्माण कसरी अगाडी जान्छ भन्ने कुराका निम्तीदृष्टिकोण निति योजना प्रस्तुत गर्‍योर यसले एउटा नयाँ दिसातर्फ अब देसलाई त्यसबाटोमा अगाडी जान बाटो बनाएको छत्यस स्थितिबाट अब एउटा थितिमा आएको छ ।त्यसकारण यस थितिबाट अब हामिले यसलाई आधार बर्ष भनेका छौं यो भबिश्य सम्मका लागी मौलिक हकहरुको कार्यान्वयन पनि भबिश्य सम्मका लागी यसै विचमा गत भदौ १ गते देखि मुलुकी ऐन प्रारम्भ हुनु थियोत्यसका संशोधनहरु गर्नु थियो देखि लिएर थुप्रै कानुन जसले संविधान चिन्दैन या संविधानले जसलाई चिन्दैन त्यस्ता कानुनहरुको थिए ति कानुनको लागी संविधान सम्मत बनाउनु थियो र म दबाका साथ भन्छु कुनै सरकारले एक वर्षकाविचमा यति कानुन निर्माण यति कानुनहरुको संशोधन यती संरचनागत पक्षहरुमा दुरगामी महत्वका व्यापक कामहरुको निक्यौल यो सबै यती छोटो अवधिमा गरोस् विकाश निर्माणको बाटो तय गर्न र

बिकास निर्माणका कामहरुलाई अगाडी बढाउने यी कामहरु गरोस् यो असाधारण ढङ्गले यो एक बर्ष हामिले बिताएका छौंर अब यस सरकारले आगामी दिनहरुमाअरुथप आयोजनाहरु अगाडी लानेछ । अब हाम्रा काम भनेको सुशासन र विकास सुशासन विकास मात्रै भएर सुशासन विकास मात्रै भएर सुशासन रविकास सम्बेृद्ध नेपाल सुखि नेपाली को राष्ट्रिय आकाङ्छ्या तय गरेका छौं ।त्यो किन गर्‍यौं भन्दा सम्बृद्ध नेपाल भएर मात्रै नेपाली जनता सुखि हुन सक्दैन तपाई सम्बृद्ध त हुनुहुन्छ तर तपाईको ज्यानमा खतरा छ । तपाईलाई कुनै प्रकारको खतरा छ भने तपाईलाई कसैले अपमानगरेको छ भने सुखि जिवन बिताउन सक्नुहुन्न । त्यसकारण कुनै प्रकारकोपनि भयरहित सुरक्षामा,सम्मानमा ,अधिकारमा,अवसरमा सम्पन्नता त छ तपाईसंग तर त्यस्तो भएन भने राणा साशनमा थियो राणा साशनमा मान्छेहरु कोहिकोही संग त सम्पती थियो घर बनाउँदा कस्तो घर बनाउने उले चाहिने घर बनाउन नपाउनेकिनभने राणाहरुको बराबर हुन्छ । फलानोजात भए बाफत खुट्टामा जुत्ता लाउन नपाउने पैसा छ तर जुत्ता लाउन नपाउने,टोपी कसैले लाउन पनि नपाउने सम्म थियो । कस्तो कपडा लाउन पाउने कस्तो नपाउने भन्ने पनि थियो जस्तोपनि लाउन पाईदैनथ्यो ।त्यस्तो अवस्थामा पैसा भएपनि मान्छे खुसी हुन सक्दैन किनभने उसले अपमान भोगिरहेको हुन्छ । हामि सम्मानजनक सुरक्षित अवसर सम्मको पहुँच भएकोर अधिकारमा समानता भएको समाज स्थापना गर्न चाहान्छौं । सभ्य समाज स्थापना गर्न चाहान्छौं जसमा तपाँई ढुक्क हुन सक्नुहुन्छ । जसमा तपाईकोइज्जत,सम्मान, र सुरक्षाको ग्यारेन्टी छ त्यो कुरा

तपाँई गर्न सक्नुहुन्छ भने मात्रैसुख प्राप्तहुनसक्छ ।त्यसकारण सम्बृद्धिसंगै हामिलेसुरक्षित समाज यस्तो समाज निर्माण गर्न सक्नुपर्दछ ।त्यसका निम्ती शिक्षाको क्षेत्र,स्वस्थ्यको क्षेत्र ,सबै कुरामा हामिले ध्यान दिनुपर्छ ।अब म साथीहरुलाई भन्न चाहान्छु हामिले कसरी  अगाडी बढ्नु पर्दछभन्ने कुराको सन्दर्भमातपाँईहरु याँ जो साथिहरु हुनुहुन्छ तपाँई यस प्रदेशलाई कस्तो बनाउनेभन्ने कुराकानायकहरुहो तपाँइहरुले या प्रदेश सभाले निर्णय गरोस् यहाँको निती यहाँको थिती बसाउने यहाँको बजेट  यहाँका योजनाहरु कस्तो हुनुपर्छ भन्ने कुराहरुलाई अगाडी बढाउने देखि लिएर सरकारले प्रदेशको  शान्तीको सुव्यबस्थाको सुशासनको सुरक्षाको प्रदेशका सस्कृतीहरुको र प्रदेशका ऐतिहासिक धरोहरहरुको सुरक्षाको जनताले  यस सरकारले केही गर्न सक्छ भन्ने पुराका पुरा बिश्वाश लिन सकोस र तपाईहरु नमुना व्यक्तीहुनुपर्छ । जनप्रतिनिधीले जनताको सम्मानको, भावनाको, हितको प्रतिनिधित्व गर्नुपर्छ र तपाँईहरु जनताको एउटा आशाको भरौसाको विश्वासको केन्द्र हुनुपर्दछ । जनप्रतिनिधी कस्तो छ भन्दा बुनै नकारात्मक टिप्पणी गर्नेजनप्रतिनिधी भनेर के गर्नेयस्तो खालको छ भनेर टिप्पणी गर्ने खालकोस्थिती शोभनीय हुँदैनत्यो आफ्ना निम्ती पनी अरुका निम्ती पनी । तपाँईहरुमा जनताको आकाङ्छा प्रतिविम्वित हुनुपर्दछ । तपाँईहरुमा जनताको सम्मानप्रतिविम्वित हुनुपर्दछ तपाईहरुमा हाम्रो समाजको सभ्यताको सभ्य तरिकाहरु प्रतिविम्वित हुनुपर्दछ अनिमात्र लोकतन्त्रप्रती जनताको विश्वास जाग्छ । छानेर पठाएका प्रतिनिधीको स्वच्छता कसैले आरोपलगाउँछ भनेपनी जनताले

उठेर त्यसको प्रतिवाद गर्ने स्थिति परोस यो आरोप ठिक होईन तपाँईहरुको बचनमासत्यता चाहियो, तपाँईहरुको व्यवहारमा सालिनता चाहियो ,तपाँईहरुको मन मस्तीष्कमा देश चाहियोदेशकोसम्मान चाहियो जनताको सम्मान जनताको हित चाहियो । पहिलो तपाईहरुले कसरी काम गर्ने भन्दा मेरो सुझाव यो हो कि तपाईहरु जनप्रतिनिधी कसैले नियुक्त गरेको नियुक्त प्रतिनिधीमात्र भईदिएको भएराम्रो भएन के जनताले छानेको होईन के जनताको विश्वास टुट्दैन के नियुक्त प्रतिनिधी राम्रो भएन भने फिर्ता  गर्छ फेर्छ सिद्धिन्छ । तर जनताको प्रतिनिधि जनताले विश्वास गरेर आफ्नो विश्वासमतको रुपमा प्रकट गरेर जिताएर यहाँपठाएका जनप्रतिनिधी उसले गरेको अपेक्षा अनुसार भएन भने उसले देख्न खोजेको प्रतिनिधी पाएन भने उसले आफ्नो प्रतिनिधी तपाईमा पाएन भने मेरो विचारको मेरो भावनाको मेरो आदर्सको मेरा आकाङछाहरुको यसले प्रतिनिधित्व गर्ने रहेनछ भन्नेपर्‍यो भने तपाँई माथिको विश्वास मात्रै हाईन त्यो लोकतन्त्र माथिकै विश्वास आखिर छानेर पठायो राम्रै कुरा गरेर हातखुट्टा जोडेर नमस्कार गरेरहातखुट्टा समातेर भोट माग्छन विश्वास गरेर पठायो होला भन्यो जितायो यती खराब काम गर्छन ।यस्तोखराब व्यबहार गर्छन भनेपछी लोकतन्त्र प्रतिकै विश्वास कमजोर हुन्छ त्यसकारण मेरो पहिलो आग्रह रसुझाब छ तपाईहरुको आचरण बहुतै सभ्य पुरस्कृत हुनुपर्दछ ।जनता र देश प्रती सर्मपित हुनुपर्दछ त्यस कुरालाई यहाँहरुले ख्याल राख्नुहुनेछ भन्ने मैले विश्वास लिएको छु ।तपाईहरुले अफुलाई विकासका नायक र अधियन्ता बनाउनुपर्दछ । तपाईहरुले गम्भीर अध्ययन गर्नु पर्दछ।

यस प्रदेशमा खान लाउन नपुग्नुपर्ने कुनै कारण छैन यहाँ खाद्यान्नमा खाद्य पदार्थमा आत्मनिर्भर हुन सक्ने प्रवृति छ । राम्रा फाटहरु छन् रअत्यन्तै उर्वर जमिन छ । विविधताले यस्तो छकि हिमाली भेगमा हुने, पहाडी भेगमा हुने,र तराईमा हुने सबै प्रकारका बालिहरु,फलफूलहरु,औसधी जडिबुटिहरु, पशुपन्छीहरु, मछाहरु, सबै चिज यहाँ हुन सक्दछ । खाली तपाई हरुले उन्नत जातका बिउहरुको प्रयोग कसरी गर्ने यसबाट उत्पादन र उत्पादकत्व कसरी बढाउने भन्ने कुरामा ध्यान दिनु जरुरी छ । यसका निम्ती कृषिको अधुनिकिकरण व्यवसायिकिकरण गर्न जरुरी छ ।त्यसका निम्ती हाम्रो जमिन टुक्रिएको छ त्सकारण टुक्रिएको जमिनलाई यदि कसरी लाने अगाडी बढ्ने हो भने त्यसमा सहकार्यका माध्यमबाट लान सकिन्छ ।सहकार्यका माध्यमबाट धेरैले एकै प्रकारको बाली सबैले लगायो भने एक एक डोका भयोभने तबिक्री  गर्न काँ लाने कतिपय ठाउँमा हामि देख्छौं टमाटर बाटोमा फ्याकिए कतिपय ठाउँमा बन्दा काउली फ्याकिए १० २०डोका छ भने त्यो त्यहाँ बिक्री हुदैन अन्त लान अनुकुलता हुदैन । त्यसकारण एउटा उत्पादन एकठाउँमा ठुलो मात्रामा गरौं जसले त्यहाँको उपभोगको लागी पनि र बाहिरका लागी पनि त्यसो गर्दा प्रविधि र त्यस सम्बन्धी विज्ञ हामि ल्याउन सक्छौं ।अब एक ठाउँमा अली कोदोअलि फापर अर्को ठाउँमा मकै भएपछि त्यो कुनैका लागी पनि तपाईलेविशेषज्ञ ल्याउन सक्नुहुन्न । तर ठुलो मात्रामा तपाइले उत्पादन गर्नुभो भने त्यहाँ कृषि विशेषज्ञ ल्याउन सक्नुहुन्छ ।त्यसकारण प्रविधी भित्राउन सक्नेगरी कुनै लगानी त्यसका निम्ती ठुलो मात्रामा पनि गर्न सकिने

खालको गर्नका लागी ठुलो मात्राको उत्पादन जसले बजार पनि प्राप्त गर्न सकोस् त्यो गर्न जरुरी छ ।त्यसकानिम्ती यहाँहरु अगुवा भएरस्थानीय तहका हाम्रा तमाम साथीहरुलाई स्थानीय तहका दाजुभाई दिदिबहिनी हरुलाई यस सम्बन्धमाmotivateगरेर कतिपयमा राम्रो जानकारी छ यस बारेमा स्थानीय तहका साथीभाईहरुमा पनि यस सम्बन्धी राम्रो जानकारी भएका साथीहरु छन् उनिहरुको ज्ञानलाईसंग्रहित गर्ने र बिस्थापित गर्ने काम गरेर र स्थानीय तह प्रदेश र संधिय सरकार मिलेर यो तिनआटै तह मिलेर केन्द्रबाट गर्नुपर्ने सहयोग केन्द्रले गर्छ प्रदेशले आफैले कम गर्ला धेरैयस्ता बिकाश निर्माणका कामहरु तल स्थानीय तहहरुबाट गर्नुपर्ला यी कुराहरुर्ला चाहीँ साथीहरुले अघुवाई गर्नु पर्दछ । तालिमहरुको आयोजनागर्ने कुराहरु देखि लिएर थुप्रै कुराहरुमा यी कामहरु केहि भईपनि रहेका छन् तर केही जनताले आवश्यक मात्रामाउचित मात्रामा लाभ लिन सकेका छैनन् ।हामि कृषिमा अनुदान दिईरहेका छौँतर त्यो वास्तविक स्थानमा पुगिरहेको छ वा छैन त्यसको हामिले रखवाली गर्नुपर्दछ । र कृष्किो आधुनिकिकरण व्यवसायिकिकरण रबजारको सुनिस्चितताायि कुराहरु एक अर्काबाट सिक्ने र त्यसको व्यवस्था रप्रबन्ध अब हामि नयाँ ढङ्गले हामि नजाने हो भने हामि देशको बिकाश गर्न सक्दैनौँ ।तसर्थ हामिले खाने कुरामा लाउने कुरामा शिक्षाका कुरामा स्वास्थ्यका कुरामाअवासका कुरामा यि कुराहरुमा अधारभुत आवश्यकता पुरा गर्ने कुरामा त धेरै बर्ष कुरेर बस्नु भएनअर्को कुरा मैलेबिकासका निम्ती बाधक रहेका दुर्गम

ठाउँहरुलाई कसरी सेवा पुर्‍याउन सकिन्छ बिकाश गर्न सकिन्छ । दुईटा घर टाकुरामा छ डाँडामा त्यहाँ पुग्न चार पाँच घण्टा लाग्छ अनि विद्यालय कसरी पुग्छ एउटा दुईओटाघर छविद्यार्थी कम छ उनीहरुका लागी विद्यालय कसरी पुग्छ त्यहाँ विद्यालय बनाउने ठाउँपनि छैन ठाउँ भएपनी विद्यालयमा को पढ्छ एकजना विद्यार्थीका लागी एउटा विद्यालय बनाउने कुरा त भएन त्यसो भएपछी सुरक्षित एकिकृत उपयोगी हुने खालको बस्ती विकासको अभियान सञ्चालन गर्न जरुरी छ जहाँ हामिलेसानासाना बजारजस्ता ठाउँहरु बसाउन सकुँ रदुर्गमताको कारणले भईरहेकोअविकासलाई त्यहाँबाट ति ठाउँहरुलाई कृषि ,फलफूल आदी ईत्यादीका निम्ती वा बनका निम्ती लान सकिन्छ । कृषि बनहरुको विकास गरेर फलफूलको एकदमै ठुलो उत्पादन गर्न सकिन्छ र बाह्य दुनियाँमा निकास गर्न सकिन्छ । माल्दा आँप जस्तो मिठो नलाग्ने दुनियामा को हुन्छ र तर माल्दा आँप फल्ने त्यस्ता देश त थोरै छन् ठाउँ थोरै छन हावा पानी त्यस्तो उपयोगीलिची सबैलाई मन गर्छ तर फल्छ कहाँ सबै ठाउँमा केरा फल्दैन तर यहाँ फल्छ तपाईहरुले यस क्षेत्रमा कमसेकम केरा खेतीमा राम्रै उन्नती प्रगती कैलाली आदी ईत्यादी ठाउँहरुमा त्यो राम्रो छ त्यसलाई बिस्तार गर्ने र हामिले प्रधानमन्त्री कृषि आधुनिकिकरण कार्यक्रम अन्तरगतsuper zone एरियाहरु भनेर छुट्याएका छौँ । ती एरियाहरुलाई ब्लक एरिया पकेट एरिया कसरी कसरी प्रयोग गर्ने त्यसमा कसरी त्यसलाई सहकार्य को माध्यमबाट अगाडी बढाउने ति कुराहरुमा जान जरुरी छ । अर्को

हामिले उद्योगहरु स्थापना गर्न निजी क्षेत्रलाई  हामि प्रोत्साहन गर्दछौँ निजिकरणका नाउँमा बेकारका अभ्यासहरु बेकारका भन्दापनी हानीकारक अभ्यासहरु भएहाम्रा मित्रहरुले बनाईदिएका उद्योगहरु पनि ध्वस्त भए उद्योगहरु समाप्त भए बेरोजगारी बढ्यो देशमा रहेका ठुलठुला कारखानाहरु पनि बन्द भएहाम्रा रोजगारीका अवसर पनि समाप्त भए र हाम्रो देशभित्र बसेर ट्रेन्ड युवाहरुले देशबनाउने भन्दा युवाहरुबिदेस जान खोज्ने हामी पठाउन खोज्ने समस्याबाट तत्काल उन्मुक्ती खोज्ने त्यस प्रकारकाप्रवृतीहरु भए अब त्यसबाटदेशभित्र कामगर्नेत्योआर्कषण बढाउन खाली फर्कायो फर्क नेपाली भनेर हुँदैन त्यस्तो खालकोवातावरण अवसर दिने त्यो काम गर्नुगर्छ । त्यसैकारण अहिले ३९ प्रतिशत बाह्य रोजगारीमा जाने सङ्ख्या  घटेको छ ।३९ प्रतिशत घटेपनि फेरी ३२ प्रतिशत रेमिटेन्स बढेको छ ।अनियमितता कति तिर रहेछ भन्ने कुरा यसबाट देखिन्छ । ३९ प्रतिशत जानेको सङ्ख्या घटेको छ तर रेमिटेन्स ३२ प्रतिशत बढेको छ ।भन्सारमा हामिले अनावश्यक बस्तु आयात नगर्नकालागी प्रेरित गरेका छौँआयात कम भएको छ ।कतिपय ठाउँहरुमा कतिपय आईटमहरुमा आयात काम भएको छ । कतिपय ठाउँमा निर्यात पनि बढ्न सकेको छैन तर राजस्वमा अलिकती टाईम गरेर राजस्व बढेको छ ।त्यस कारण हामिले नियमित बनाउने कुरामा ध्यान दिनु र उद्योगहरुको तिब्रताका साथ स्थापना गर्नु यहाँहरुले बिशेष औद्योगिक क्षेत्रहरुकोस्थापनाकोकुराहरुमा ध्यान दिन जरुरी छ ति क्षेत्रहरुमा केन्द्रले ध्यान दिन्छ नै मैले साथीहरुका मागपत्रहरुपनि लिएको छु

।यि विषयहरुको सम्बन्धमा प्रदेशका कुराहरु पनि मैले सुनेको छु अरु साथिहरुले दिएका ज्ञापन पत्रहरुपनि सुनेको छु । ति सम्बन्धमा हामि काम गर्दै नै जान्छौँ ।औद्योगिकरणहाम्रो धेरै महत्वपूर्ण बिषय हो ।जहाँ हामि आत्मनिर्भरताका लागि उत्पादनआयात जस्ले प्रतिस्थापन गर्छ त्यसका लागी र निर्यातमुखी निर्यात बढाउनकालागि उत्पादन ति कुराहरुमा हाम्रो ध्यान जानेछ र गएको छ ।म त्यस दिशामा प्रदेशका पनिनितिहरु रहुनखास गरि जमिन उपलब्ध गराउने सम्बन्धमाउद्योग खाल्न आउने मान्छेले पैसा लिएर आउँछ मेसिन लिएर आउँछप्रविधि पनि लिएर आउँछतर जमिन लिएर आउँदैन जमिन हामिले उपलब्ध गराउनुपर्छ । यस पक्षमा प्रदेश सरकार प्रदेश सभा सबैको ध्यान जाओस् भन्ने म आग्रह गर्न चाहान्छु र यसका निम्ती केन्द्र सरकार बहुतै गम्भीर छ भन्ने कुरा भन्न चाहान्छुत्यसैकारण हामि चैत्र १४,१५ गते काठमाँडौंमा अन्तरराष्ट्रिय लगानी सम्मेलन गरिरहेका छौँ । यो त्यसकै निम्ती हो । र त्यस अनुसार नै हामि कानुनहरु अनुकूल बनाउने व्यबहारिक कठिनाईहरु हल गर्ने अरुव्यबहारिक झन्जटहरु छन भने तिनिहरुको समाधान गर्ने र उद्योग आर्कषित गर्ने काम गरिरहेका छौँ । हामी अन्तरराष्ट्रिय क्षेत्रमा जाँदा नेपालको गौरव प्रतिष्ठा बढ्ने गरी नेपाल प्रती बिश्वास बढ्ने गरि नेपालले वास्तममा आफ्नोभुमिकालाई प्रभावकारी ढङ्गले बढाउने गरी नै प्रस्तुत भएका छौँ ।नेपालले अन्तरराष्ट्रियक्षेत्रमा यती स्पष्टताका साथ यती अत्मविश्वासका साथ यती राष्ट्रहितको पक्षमार सार्वभौम समानताकोहिसावले यती खुलस्त ढङ्गले र यती वाह्य

लगानी आकर्षित गर्ने हिसावले अगाडी कहिले पनि प्रस्तुत हुन सकेको थिएनौं । अहिले हामिले बहुतै स्पष्टताका साथ यि विषयहरुलाई अगाडी बढाएका छौं र स्पष्टता पनि आएको छ र विश्व जनमत नेपालप्रति आकर्षित पनि भएको छ । थुप्रै पक्षहरु हामीले शरणार्थीसमस्याहरुको समुचित ढङ्गले समाधन गर्‍यौं,द्ववन्दको समुचित ढङ्गले व्यवस्थापन गर्‍यौं । सामाजिक अनेक अन्तरविरोधहरुको समाधान गर्‍यौं ।संविधान सवा एक पल्ट भङ्ग भयो फेरीविर्वाचन गरेर संविधान बनाएर छोड्यौं ।सविधान कार्यान्वयन गर्ने कानुन बनाएर छोड्यौं एक वर्षभित्र संरचनाहरु सव तयार गरेर यस्तो नयाँ परिपाटी स्थापना हुँदा ८,१० वर्षसम्म कति ठाउँमा लडाँई झगडा र उत्पात भईरहन्छ तर हाम्रोमा त्यस्तो केही पनि भएन र हामी एउटा समस्याको उपयुक्त समाधानका साथबहुतै सहज ढङ्गले व्यवस्थापनका कामहरुलाई अगाडी बढाएर अगाडी गएका छौं । अब पर्यटनका निम्ती यस प्रदेशमा पर्यटनका निम्ती धेरै सम्भावनाहरु छन यहाँ माउन्टेनेन्टका सम्भावना छन,पर्यटनका पदयात्राका सम्भावनाहरु छन,पवित्र धार्मिक स्थलहरु मन्दीरहरु ,यस्ता ठाउँहरु छन जो रमणीाय छन,आकर्षक छन,धार्मिक छन,पवित्र छनजसले गर्दा दुनियाँका आकर्षण हुन सक्दछ ।यस प्रदेशमा आफ्नै एउटा गौरवपूर्ण इतिहास छ त्यस एतिहासको अध्ययनका लागी पनि थुप्रै कामहरु हुन बाँकी छ ।त्यस ठाउँमा शुक्लाफाटा जस्तो छ,त्यस ठाउँमास्रोत्रहरुमहाकाली देखी कर्णाली सम्मका ठुलाठुला नदिहरु जहाँ थुप्रै हाइड्रोपावर रसिंचाई उर्जा सिंचाईका थुप्रैकुराहरु यहाँ हुन सक्दछन । पञ्चेश्वर लामो समय भयोहामिलेबनाउने भनेर

भारतसंग सहमती गर्‍यौं अहिले पनि हामी प्रयास गरिरहेका छौं यसको निर्माण गर्नकानिम्ती तर भारतबाट कतिपय इन्फरमल ढङ्गले आफ्नोअलिक लाभमा नभएको बनाउन कठिन भएका कुराहरु इन्फरमलरुपमा थाहा पाउने गरिन्छ ।तरफरमलली भन्दा भारतले बनाउँछु भनिरहेकै छ बनाउन सहकार्य गर्ने भनिरहेकै छ । अरु कुराहरु हामी यस प्रदेशको विकासका लागी रानीजमरा गुलरिया सिंचाई आयोजना होस या अरु विद्युत आयोजनाहरु होउन आयोजनाहरु अगाडी कसरी बढाउने रानिजमरा तअगाडी बढिसकेको छयस सम्बन्धमा ढल पनि बनेको छ पानि छोड्ने मुहान पनि लगभग बनिसकेको छ यस्तो स्थितिमा यस आयोजनालाई प्रभावकारी ढङ्गले चलाउने यसवाट ३८ हजार भन्दा बढी हेक्टर जमिनको सिंचाईको राम्रो प्रबन्ध हुने कुरा यता महाकालीवाट हामिले लिनुपर्नेपानीसुरक्षित ढङ्गले लिने कुरा र दोधाराका लागी सारदा नहरवाट हामिले १०क्युवमेक्स पानी प्राप्त गर्ने भन्ने पुरानै हामिले सहमती गरि सकेका छौं पञ्चेश्वर टनकपूरकै समयमा त्यो पानी प्राप्त गर्ने कुरापनि अगाडी बढाईराखेका छौं रमलाई लाग्छ त्यो धेरै लामो समय नलाग्ला हामि भारतलाई सहमत गराउन रसारदा नहरबाट १० क्युवमेक्स पानी हामि प्राप्त गर्न सक्छौं चादनी दोधारालाईत्यसो भएमाचादनी दोधाराको सिंचाईलाई पुग्ने पनि हुन्छ त्यो पानीपर्याप्त हुन्छ ।र अरु सिंचाईका प्रवन्धहरु देखि लिएर कृषिको आधुनिकिकरण देखि लिएरयि कामहरु हामि गर्छौंबाटाहरुको सम्बन्धमा विभिन्न बाटाहरु खुटिया दिपायल ताक्लाकोट सडकको कुरा छ त्यसमा हामिले बजेट पनि छुट्याएका छौं ४५,४६ करोड

बजेट छुट्याएका छौं र त्यो काम हुदैछ मैलेत्यो सबै डाटा आँखडाहरु हेरेर भन्दा खेरि धेरै समय लाग्ने भएको हुनाले खाली सांकेतिक रुपमा मात्रै भन्न खोजेको हुँ । र विभिन्न कुराहरुका लागी बजेट छुट्टिएको छ त्यो कुराम यस सभालाईजानकारि गराउन चाहान्छु । र पर्यटनको विकासको सम्बन्धमा म भन्दै थिएपर्यटन विकासका धेरै राम्रा सम्भावनाहरु यस प्रदेशमा छनर त्यसका निम्ती संघिय सरकारबाट गर्नुपर्ने आवश्यक कामहरु र सहकार्य संघिय सरकारले गर्छ नै संघिय सरकारबाट नै सञ्चालन हुने आयोजनाहरुमाप्रदेश र स्थानीय तहसम्मका कार्यक्रमका लागी संघिय सरकारका विभिन्नमन्त्रालय र तिनिहरुका मातहतका कार्यालयहरुबाटबिभिन्न आयोजनाहरु मार्फतखर्च गर्न२८ खर्ब ८४ करोड ९८ लाख बजेट अहिले छुट्याईएको छ । जम्मा विनियोजन भएको राजस्व अधिकार र हस्तान्तरण वाहेकको कुलजम्मा विनियोजन भएको ६७ अरब ५० करोड ४९ लाख छ ।विभिन्न आयोजनाहरु जो संघिय सरकारले सञ्चालन गरिरहेको छ त्यसका लागी सरकारले सडक आयोजनाकालागी३ अरब ३९ करोड ४१ लाख रकम छुट्याएको छ । महाकाली कोरिडोर भनेर ब्रह्मदेब देखि झुलाघाट दार्चुला टिङ्करका लागी भनेर ३१ करो ४ लाख छुट्याइएको छ त्यो बहुवर्षिय भएको हुनाले अर्को बर्ष फेरि त्यो अगाडी जान्छ नै सेती राजमार्ग टिकापूर ४२ करोड ३लाख छुट्याएको छ । हुलाकी राजमार्गहरुका लागी ४० करोड ६५ लाख छुट्याएको छ । व्यापारिक मार्ग मोहना अत्तरियाकालागी ४० करोड ५४ लाख छुट्याएको छ ।सडक क्षेत्र विकास आयोजनाकालागी ४० करोड २५ लाख छुट्याएको छ ।महाकाली

पूल निर्माण  आयोजनामा ८९ करोड ५५ लाख छुट्याएको छ । सडक सुधार आयोजनाकालागी ९ करोड ३५ लाख छुट्याएको छ । रणनितिक सडक पुनःस्थापना तथा सुधारका लागी२० करोड छुट्याएको छ ।तराई मधेस सडक पुर्वाधारका लागी विशेष आयोजना त्यसका लागी २७ करोड छुट्याएको छ । टनकपूर लिगरोडका लागी ९ करोड छुट्याएको छ ।र सहरी विकासका लागी १अरब ९० करोड ४८ लाख,त्यसमध्ये सधन सहरी कार्यालय का लागी ८६ करोड ९४ लाख, सरकारी भवन निर्माणतर्फ १४ करोड २६ लाख, नयाँ सहर आयोजनाकालागी ३० करोड४८ लाख,क्षेत्रिय सहरी विकास कार्यक्रमका लागी ५८ करोड ८० लाख,उर्जा तर्फ ९० करोड छुट्याइएको छ र हिजो वि.पि नगर बजारका लागी तुरुन्तै विद्युतिकरण गर्ने भनेर मैले घोषणा पनि गरेको छु ।सानोतिनो रकम छुट्याईदिएपनि हुन्छ भनेर मैले त्यसलाई अतिरिक्त बजेट त्यलाई छुट्याईदिने भनेर मैले भनेको छु।चमेलिया गाड जलविद्युत आयोजनाका लागीअहिले ९० करोड  छुट्याइएको छ ।सिंचाई र नदि नियन्त्रणकालागी अहिले ३ करोड ९९ लाख रकम छुट्याइएको छ । रानिजमरा गुलरिया सिंचाई आयोजनाकालागी २ अरब१५ करोड २५ लाख रकम छुट्याइएको छ ।त्यसको प्रणालिमा सुधारका लागी १५ करोड ११ लाख छुट्याईएको छ । महाकाली सिंचाई आयोजना कञ्चनपूरका लागी ३१ करोड ८१ लाख छुट्याइएको छ । नदि नियन्त्रणका लागी ३३ करोड ८२ लाख छुट्याइएको छ । सिंचाई र जलस्रोत व्यवस्थापना आयोजनाकालागी ६ करोड छुट्याइएको छ । भुमि व्यवस्थाका लागी १अरब ८६ करोड २७ लाख

छुट्याइएको छ । मुक्त कमैया हलिया पुन:स्थापनाको लागी साथिहरुले कुरा गर्नु भएको छ त्यसका लागी१ अरब ८६ करोड २७ लाख रुपियाँ त्यस कामका लागी छुट्याएका छौं हामिले माथिसंघबाट वन तथा वातावरणकालागी१ अरब ३० करोड छुट्याइएको छ,राष्ट्रिय निकुञ्जर आरक्ष विकास कार्यक्रमकालागी१७ करोड ८६ लाख छमैले भनेका कुराहरुमा तपाईहरुले आ-आफ्नो मन्त्रालयबाट कुनै हिसाबले रकम आउनमा ढिलाई हुन्छ भने त्यस सम्बन्धमा कहाँ ढिलाई भएको छ त्यो प्रधानमन्त्री कार्यालयलाई जानकारी गराउनु भएपनि हुन्छ ।र सम्बन्धित मन्त्रालयमा थागिता गर्नुभएपनि हुन्छ । राष्ट्रपति चुरे संरक्षण कार्यक्रममा २३ करोड ४१ लाख छुट्याइएको छ ।जस्तो यो भनियो भने यसका लागी ठोस कार्ययोजना बनाएर अब काम गर्न जरुरि छ । राष्ट्रपति तराई मधेश चुरे कार्यक्रम भनेपछिअनिचुरेमा केहिपनि भएन तल आएर अरु अरु काम गर्ने खालको कुरा भो ।चुरे संरक्षणमा केन्द्रीत हुनुपर्‍यो हामि यसिद हामिले वास्तममा हामिले प्रकृतिको संरक्षण गर्न रविकासगर्न प्रकृतिको संरक्षण सहितको विकास भविश्यको सुनिस्चीतता सहितको आजको विकास गर्न चाहेका हौं भने हामिले त्यसै गर्नुपर्छ र त्यहि काम हाम्रो आवश्यकता हो ।पर्वतिय जलाधारको जलवायु परिवर्तन समयानुकुल गर्नका लागी ८८ करोड७३ लाख छ, स्थानीय पुर्वाधार विकासका लागी १ अरव २ करोड ७३ लाख छ, स्थानीय पुर्वाधार साझेदारि कार्यक्रमलाई २४ करोड छ,झोलुङ्गे पूलकार्यक्रमलाई २२करोड ६१ लाख छ, झोलुङ्गे पूल निर्माण महाकालीमै झोलुङ्गे पूल निर्माणको कुरा छ मेरो भारत

भ्रमणका बेला मपन्तनगर गएर त्यहाँकाप्रदेशकाप्रमुख,गभर्नर,मुख्यमन्त्री हरुसंग भेटेरर यस प्रदेशबाट प्रतिनिधि सभामा निर्वाचित दार्चुलाका माननीय सांसद गणेश सिंह ठगुन्ना टोलिमा हुनुहुन्थ्यो वहाँलाई त्यहाँका मुख्यमन्त्रीत्यहाँकाप्रदेशका प्रमुखहरु संग बसाएर केहि समस्या पर्‍यो भने दुइतिरकोसमझदारि बनाएर काम गर्नका लागी तपाईहरुले चिनजान पनि गर्नुस काम पनि गर्नुस भनेर चिनजान गराएर र झोलुङ्गे पूल भारतको कारणले कतिपय ठाउँमा बन्न सकेन,तुईन विस्तापित हुन सकेन पूल बन्न सकेन भनेका ठाउँमा मैले पूल बनाउने कूरामा त्यतिवेलै प्रदेश सरकारसंग सहमत गराएको हुँ ।मैले दिल्लीमा कुरा गरेको थिए र दिल्लीबाट त्यहाँ पुग्दा मैले कुरा चलाउने बित्तिकै वहाँहरुले भन्नुभयो हामिलाई आदेश आईसकेको छ कि तपाईलाई सकारात्मक जवाफ दिनुस भन्ने र हामि यो कुरा गर्छौंर गर्न तयार छौं भनेर वहाँहरुले बताउनु भयो । त्यसकारणति कुराहरुमा गाह्रो छैन महाकालीमा हामि उता संग मिलेर स्थानीय तवरमा कुराकानी गरेर झोलुङ्गे पूलहरु निर्माण गर्न सक्छौं यदि केही समस्या पर्‍यो भने त्यो केन्द्रमा बताउँदा खेरि मैले तत्काल भारत सम्पर्क गरेर त्यसलाई मिलाउन सकिन्छ । र स्थानीय पुर्वाधार साझेदारिमा ६४ करोड झोलुङ्गे पुल कार्यक्रममा २२ करोड ६१ लाख, तराई मधेस सम्वृद्ध विकास कार्यक्रममा १६ करोड १२ लाख,स्वास्थ्यमा७७ करोड ४८ लाख र एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रममा७७ करोड ४८ लाखयसरी बजेटहरु यस प्रदेशका लागी मैले अहिले भनेको यस प्रदेशमा खर्च गर्ने बाँकीका

आयोजनाहरुमा खर्च गर्ने भनेको हो त्यसकारण हामिले विकासका कामहरुमा नदिएको होईन कि, ध्यान दिईरहेका छौं तर कतिपय कुराहरुमा कस्तो भयो भने आयोजना प्रदेशमा पठायो बजेट पठायो प्रदेशमा योजना बनाउने किमाथिकापहिले देखिका आयोजना कार्यान्वयन गर्ने आदि अलमलहरु भए ।कतिपय ठाउँमा योजना गयो बजेट गएनकोहि कोहि  ठाउँमायो पहिलो बर्स भयो र यसमा कर्मचारी पनि अलमलिएको छ । हिजो मलाई कस्ले भन्दै हुनुहुन्थ्यो बनलेबाटो क्लियर गर्नकालागी रुख काट्नइजाजत दियो जरा खन्न थालेको अर्को अधिकृतले भन्यो जरा खन्ने त यसमा छैन आदेश रुख कटान गर्ने हटाउने सम्म छ यो जरा खन्ने चाहीँ छैन,त्यही गर्दा पनि उसले मानिदियो मलाई जरा किन खनिस भन्यो भने त मैले के जवाफ दिने जरा पनि खन्न मिल्छ भनेर आदेश ल्याउनुपर्‍यो । हाम्रो तरिका पनि त्यस्तो छ त्यसले पनि अलिकत विलम्ब गर्छ रुख काट्ने भनेपछि त जरा पनि हटाउने हो जरा पनि हटाउने हाकि होई स्पष्ट छैन भन्ने आफु जिम्मा लिएर काम गर्न अलि कम तयार हुने त्यो तरिका पनि छ । विकास निर्माणका यि पक्षहरुपनि मैले साथिहरुलाई वताए ।अब मेरो आग्रह केछ भनेसंघिय सरकारको पनि ध्यान छ बहुतै गम्भीरताकासाथ ध्यान छ । र एउटा तसामाजिक जागरणको सन्दर्भमा यस प्रदेशमा बिशेष अभियान चाल्नुपर्ने म देख्छु ।छाउपडी नबस्नुस भन्यो भने महिला दिदि वहिनिहरु नै नमान्ने स्थिति हुन्छ ।पाप लाग्छ त्यो पाप कस्ले बेहोर्ने त्यो समस्या छ चिन्तनमा यो पाप रधर्मको विषय हौइन यो अन्धबिश्वास हो नचाहिने परम्परा हो भन्नेकुरा वहाँहरुलाई वताउनु पर्‍यो ।

वहाँहरुको परिवारलाई बताउनुपऱ्यो परिवार सहमत भयो भने वहाँहरु सहमत नहुने वहाँहरु सहमत भयो भने परिवार सहमत नहुने अनि गाउँले के भन्छ भनेर गाउँतिर हेर्ने कस्ले के भन्छ भनेर समाज तिर हेर्ने दुनियाँ कहाँ पुगिसक्यो यसले प्रगतिमा ठुलो बाधा भईराखेको छ मानसिकतामा यसले ठुलो असर परेको छ भन्ने कुरा बताउन जरुरि छ हामिले र अर्को कुरो शिक्षालाई हामिले एउटा कोहि पनि स्कूल उमेरको बालबालिकाविद्यालयभन्दा बहिर बस्न नपाओस अबको भर्ना अभियान भर्ना सिजनमा तपाई हामि हरेकलेपहल गर्नुपऱ्यो गत वर्ष हामिले २ लाख ३४ हजार बालबालिकालाईस्कूल पुऱ्यायौँअब ५९ कति बाबालिका स्कूल उमेरका बालबालिका बाहिर छन ।स्कुलजान नसक्ने बालबालिकाका लागी पनि हामिले स्कुल जान वातावरण मिलाउनु पर्छ।औफचारिक शिक्षा जसमा हामि अहिलेसम्म यस प्रदेशको जुन पृष्ठभुमिबाट हामि आयौँ यस प्रदेशमा त्यस हिसावले अन्यन्त धेरै न्युन छ वा सारै पछाडीछ भन्न त त्यति मिल्देन किनभने हामि जुन पृष्ठभुमिबाट आयौँ साक्षरताकोदर अहिले पनि ६३.५% छयस प्रदेशमा युवा साक्षरता ८५% छ जसमा पुरुष ९४% रमहिला७७% छर यो धेरै कमजोर तथ्यांकअथवा जसको आधारमा अगाडी जान सकिदैन त्यस्तो तथ्यांक होइन आधार बनेको छ रएक स्तरको तथ्यांक बनेको छ हाम्रो जस्तोLDC देशमातर अब चाहिँ हामिलेयस तथ्यांकलाई बदल्ने त्यस हिसावले जानुपर्छ। र हाम्रो काम भनेको आँकडा बदल्ने हो परिस्थिसत बदल्ने हो अब शिक्षाको आँकडा

यहि रहदैन गरिबिको आर्थिक स्थितिको आँकडा यहि रहदैन यो हामिले अटाउनु पर्छ र अब दुनियाँमा कहिँ नभएको छाउपडि बस्ने यहि प्रदेशमा यस्तो हुन दिनुहुँदैन यस्को अँत्य गर्नैपर्छ हामिले यस प्रदेशबाट प्रतिनिधित्व भएन भन्ने कहिलेकहिले आउँछ अहिले केन्द्रमा प्रतिनिधित्व पुगेन होला यतिबेला प्रतिनिधित्व यसभन्दा अगाडी त प्रधानमन्त्री पनि यसै प्रदेशको हुनुहुन्थ्यो त्यतिबेला प्रतिनिधित्व नेतृत्वनै यसै प्रदेशको थियो ।एकपल्ट मात्र होइन ४ पल्ट कि ५ पल्ट थियो । त्यस भन्दा अगाडी लोकेन्द्र बहादुर चन्द जी प्रधानमन्त्री हुनुहुन्थ्यो त्यहाँबाट प्रभानमन्धीहरु मन्त्रीहरु नबनेको स्थिति होइन ४ पल्ट ५ वर्ष एउटै मान्छे प्रधानमन्त्री भएको स्थिति हो त्यसकारण नेतृत्वनपाएर नेतृत्वबाट बन्चित भएर हेला भएर विकास नभएको भन्ने कुरा चाहिँ व्यवहारमा देखिदैन । गण्डकी प्रदेश र प्रदेश नं. ५प्रधानमन्त्री तअहिले सम्म भएको छैन तर ति ठाउँहरु धेरै एडभान्स छन् शुगम ठाउँपनि होइनन् ।गण्डकी प्रदेश कैलाली कञ्चनपूर जस्तो अनुकूल सिमा जोडिएका यतिधेरैसम्भावना भएको पनि ठाउँ होइन।पहाडी भेग हो अलिकति तल नबलपूर थोरै यस पल्टको प्रदेश भनेर राख्या छतर पनि विकास भएको छ भने मुख्यमा चाहिने हाम्रो दृष्टिकोण,प्रतिवद्धता योजना र ति योजना कार्यान्वयन गर्ने संगठितप्रयास नैहो । म यहाँहरुलाई भन्न चाहान्छु त्यसका निम्ती संघिय सरकार बिलकुल प्रतिवद्ध छ शिक्षाको क्षेत्रमा सुदूरपश्चिमाञ्चल विश्वविद्यालयको गल्तिलेर त्यहाँ भएका १,२ जना पदाधिकारिको बेवास्ताले होवास्तममा यहाँको क्याम्पस जुन सुदूरपश्चिमकै हिजैदेखि एउटा महत्वपूर्ण

क्याम्पस थियो आज यस सुदूरपश्चिम प्रदेशको पनि सर्वाधिक महत्वकोसर्वाधिक ठुलो क्याम्पस हो त्यसलाई विश्वविद्यालयको मातहतमा पनि लाने र त्यसलाई त्यस ठाउँको शिक्षाको सन्र्दभमायहाँहरुले थाहा नै पाउनु भएको छैन ।व्यय भार बढि भयो भनेर यसलाई आंगिक क्याम्पसका रुपमा यस प्रदेशका क्याम्पसहरुलाई आंगिक क्याम्पसका रुपमा परिणत गरियो खर्च सरकारले वेहोर्ने भनेर त्यो मैले अघिल्लो पल्ट प्रधानमन्त्री हुँदाखेरि गरेको थिए ।यसपल्ट अघिल्लो वर्ष समय थोरै थियो ९ महिना प्रधानमन्त्री भए ५ महिना नाकाबन्दीसंग लड्दै वित्यो त्यसपछि अहिले अविश्वास आउलाकि भरे अविश्वस आउलाकि को विचमा चल्दै ४ महिना वित्यो त्यो यस्तो अवस्था गयो कि अविश्वास फुत्तनिस्किन्छ फेरिअलिकत सामसुम पारेरयसो चुप लाग्छ फेरि अविश्वस टुप्लुक्क आइपूग्छ त्यस्तो खालको स्थितिमै काम गरियोर जम्मा गरियो ९ महिना मध्ये पछिल्लोएकमहिना त अविश्वासआइसकेपछि बहुमत गुमाइसकेपछिको स्थिति हो । र त्यस स्थितिमा हामिले देशलाई एउटा नयाँदिशा दिन सक्यौं भने अहिले त धेरै अनुकुलता छ र म कुनै प्रदेशप्रति कुनै समुदायप्रति कसैप्रति पनि कुनै भेदभाव नराखिकन सरकारले विकासका कामलाई अगाडी बढाउँछ किनभने एउटा नेपाली गरिब छभने नेपाल सम्पन्न भयो भन्न सकिदैन,एउटा पनि नेपाली भोकै छ भने नेपाली जनताले खाए भन्न सकिदैन एउटा पनि मान्छे समस्याग्रस्त छभने समस्या मुक्त छन नेपाली भन्न सकिदैन ।त्यसकारण अहिलेको सरकारको कर्तव्य सम्पूर्ण नेपालीलाई सम्वृद्ध बनाउन,सम्पूर्ण नेपालीलाई सुखि बनाउन चाहान्छ ।

यसकुरामा हाम्रा सबै तहहरु, सबै निकायहरु एकदमै आत्मविश्वासका साथ विकास हामि गर्न सक्छौं गर्न नसक्ने कारण छैन विद्वान पुर्खाका सन्तान हौं जो संग अत्यन्त विद्वान पुर्खाको मेमोरि छ ।हामिसंग यस्तो सुन्दरसम्वृद्ध,यस्तो स्रोतयुक्त,यस्तो खनिजयुक्त प्रकृति छ दुनियाँमा गएर भन्न अप्ठ्यारो लाग्छ हामिसंगयस्तो स्रोत पनि छ यस्तो छ भनेर हामि विकास गर्न सक्छौं,के भएर विकास भएन तिमिहरुको केहिपनि नभएका देश धनि छन हामि भन्दा जहाँ केहि पनि छैन,एउटा सानो देश छ फ्रान्स र स्पेनको विचमा हिँडोरा भन्ने सानो देश सानो जनसङ्ख्या छ, त्यस देशकोजनसङ्ख्या धेरै गुणा बढी पर्यटकहरुबसेका हुन्छन ।त्यो देश त्यस्तो बनेको छ केहिपनि छैन त्यहाँ, हुन्छ नि यो चाई छ भन्ने तर एकदमै सम्पन्न छ ।हामि हेर्छौं सिङ्गापूरमै समुन्द्र बाहेक के छ र खानेपानी छैन अहिले समुन्द्रबाट पानि फिल्टर गर्ने प्रविधि विकास मात्रै वहाँहरु खनेपानी बनाउँदै हुनुहुन्छ ।नत्र भने मलेशियासंग सधै लच्कीनुपर्ने किन हुन्थ्यो भने मलेशियाबाट खानेपानी ल्याउनुपर्थ्यो ।सानो टापु छ केहिपनि छैन के छर त्यहाँ उहि समुन्द्री किनार छ तर सिङ्गापूर दुनियाँको एउटा आकर्षण भएको छ ।जबकि त्यो सिङ्गापूर ६५ मा छुट्टीदा सम्म कङ्गाल थियो अहिले ५० वर्ष जति भयोविकास भएको त्यो ५० वर्षमा सिङ्गापूरले आफुले आफुलाई कहाबाट कहाँ पुऱ्यायो । कतारमा के छ रसर्फेस वाटर नभएको दुनियाँको एउटा मात्र देश खोज्योभनेत्योकतार हो जहाँ सर्फेस वाटर छैन जो मरुभुमिको देश छ त्यो यति बिकसित छ । तेलको कारणले हो भने तेल निकालेर बेचेको हुनाले न पैशा भयो

हामिले पानी थापेर बेच्यो भने पैशा हुन्छ तर हामि त्यो पनि गरिराखेका छैनौँ । यो एउटा बेहालको स्थिती छ त्यसकारण अब अहिलेको सरकारको संकल्प के छ भने हामि हाम्रा स्रोतहरुलाई सहि ढङ्गले सदुपयोग गर्छौ र विकास निर्माणका कार्यमा अगाडी बढ्छौँ । र हाम्रो जनसक्तिलाई हामि अगाडी बढाउँछौँ ।यस विचमा हामिले शिक्षाका सन्दर्भमा कामहरु गतवर्ष हामिले समयमा पाठ्यपुष्तक पुऱ्यायौं यस वर्ष पनि समयभित्र पाठ्यपुष्तक पुऱ्याएकाछौंयस वर्ष पनि हामि विद्यालय भर्ना अभियान चलाएँछौं हामिले साक्षरताको छुट्टै अभियान चलाएका छौं जसले गर्दा हामि २ वर्ष भित्रनेपाललाई साक्षर देश भनेर घोषणा गर्ने,त्यस विन्दुमाजाने अवासहरुका निम्ती जनताका कार्यक्रमहरु सञ्चालन गरेका छौं ।मैले अघि एकिकृत बस्ती विकासका आयाजनाहरु सम्बन्धी पनि कुरा गरे ।हामिसंग एकैचोटि ठुलो खर्च र थुप्रै कामहरु गर्नुपर्ने यहाँहरुको राजधानी विकास गर्नु छ ।राजधानी यहाँहरुले गोदावरिमा सार्ने भन्नुभएको छ ।गोदावरिमा राजधानी सार्न सार्नैपर्छ त्यो उपयुक्त निर्णय हो रउपयुक्त ठाउँ हो तर खर्च त धुमधाम लाग्छ त्यसकारण यसका निम्ती अरु ठाउँमा पनि यस्तै खर्च गर्नुपर्नेछ ।हाामिलाई यो पुर्वाधार निर्माण गर्ने अथवा कार्यालयहरुनिर्माण गर्ने हाम्रो जोड उत्पादकत्व,रोजगारिका अवसर,आत्मनिर्भरता हुने खालको रनिर्यात मुलक उद्योगहरु र आर्थिक क्रियाकलापहरु तर्फ लगानी गर्नुपर्ने हाम्रो आवश्यकता छ रहामिले जोडपनि त्यता दिएका छौँ ।तर संगसंगै कार्यालय पनि नभई त हुँदैन र कार्यालय राजधानी आदिहरुको निर्माण बाटाहरुको निर्माण एयरपोर्टहरुको विस्तार सबै

चिज हामिले गर्नुपर्नेछ र हामिलाई हतार छ म खुसि व्यक्त गर्न चाहान्छु कतिपयले आलोचना गरेका छन यि बाटाहरु मलाई लाग्यो अहिले चौडा हुँदैछ ।अघिल्लो पल्ट मैलेनै निर्णय गरेको थिएँ राजमार्गबाट सदरमुकाम पुग्ने बाटोहरु ६लेनको हुनुपर्दछ । र ६ लेनका बाटाहरुबनाएर सुगम बनाउनुपर्छ त्यो बिराटनगर होस कि जनकपूर होस किबिरगञ्ज भैरहवा होस कि अथवा कैलाली हो यि सबै ठाउँमा ६ लेनको बाटोबनिरहेका छन ।कतिपय ठाउँमा पुरा भईसक्यो बाटाहरु मलाई खुसि लएको छ ६ लेनका बाटा बनाउने भनेर थालेपछि अलिकति देर सबेर कतिपय ठाउँमा बनिसक्यो कतिपय ठाउँमा हुँदैछ अब बढिमा १,२ बर्स पछि त ६ लेनको बाटोमा सरर जान सकिन्छ । हिजो मैले५० किलामिटरडबल लेनको कालापत्रे गर्ने शुभारम्भ गरेर आए त्योकालापत्रे अब हामिले सिङ्गल ल्यान्डका होईन डबल ल्यान्डकै बाटो बनाउँछौँसुरक्षितबाटा बनाउँछौं सवारि दुर्घटना तर्फ हाम्रो ध्यान छ त्योकसरि रोक्ने त्यसकारण बाटोमात्रै बनाई दिएर हुँदैन त्यसको सुरक्षाको प्रबन्ध ड्राइभरलाई लाईसेन्स दिने देखि लिएर ड्राइभरको अवस्था हेर्ने,गाडिको अवस्था हेर्ने,बाटो उपयुक्त ढङ्ले बनाउने कुराहरुसम्म हाम्रो ध्यान छ । सवारि कति चढाएको छ बाटो कस्तो छ हामिले सल्यानमा हेऱ्यौं बढि गतिमा टर्निङमा घुम्न नभ्याउने गरि स्टेरिङ बढि गतिमा घुमाउँदा दुर्घटना भयो ।यि सबै कुराहरुबाट हामि सजक हुन जरुरि छ त यस्तोमा महामि थुप्रै बाटाहरु बनाउँदै छौं जसमा अहिले म त्यतिधेरै कहाँ के के भईराछ भनेर धेरै समय खर्च नगरु जस्तो लाग्छ मलाई कुनकुन बाटा कतिकति बनाउँदै छौं भनेर यहिँ जस्तो कि महाकाली

कोरिडोर २६ किलोमिटर ,सहजपूर दिपायल ५० किलोमिटर ,सेति राजमार्ग टिकापूर चैनपूर ताक्लाकोट ३५९ किलोमिटर, वि.पि.नगरखुटिया दिपायल ८६ किलोमिटर ,अहिले कति धान उत्पादन हुन्छ र कति उत्पादन गर्ने कति गहुँउत्पादन हुन्छकति उत्पादन गर्ने भनेर हामिले योजनाबद्ध ढङ्गले गर्नुपर्दछ र त्यो हामिगरिपनि रहेका छौँ ।मैले देशभरिको तथ्यांङ्क लिएरजस्तो कति हेक्टरमा धान लगाईराखियाछ के गर्न सकिन्छ उत्पादन कति भईराख्याछ भन्नेकुरा अहिले ५ लाख ८४ हजार ४ सय ३३ मेट्रिक टन यस प्रदेशमा उत्पादन भईराख्या छ १ लाख ६७ हजार १ सय २९ हेक्टरमा धानखेति भएको छगहूँको १ लाख ३६ हजा ८ सय४१ हेक्टरमा गहुँ खेति गरिन्छ ३ लाख ८ हजार७ सय ३६ मेट्रिक टन उत्पादन भइरहेको छ यसलाई अगामि वर्ष यि आँकडामा कति फरक पार्न सकिन्छ त्यो फरक पार्नलाई के के गर्नुपर्छ टार्गेट के राख्ने यस हिसावले मैले आफ्ना मन्त्रालयहरुलाईनिर्देशन गरेको छु । र साथिहरुले पनि त्यसैगरि आफ्नो ठाउँको मत्स्यपालन कति छ,त्यसलाई अर्को वर्ष कति गर्ने टार्गेट राख्ने भुरा उत्पादन कति छ आर्को वर्ष कति पुऱ्याउने सडक कति किलोमिटर पक्की छ आर्को वर्ष कति बनाउनेयोजनाबद्ध ढङ्गले योजनाका साथ हिड्नुपर्छ ।मैले भन्नेपनि गरेको छु अहिलेको सरकार ढुङ्गा जहाँ खस्छ त्यलाई त्यहिँ ताकेको थिएँ भन्ने कुरा गर्दैनयो ठाउँ ताकेको हुँ भनेर त्यस ठाउँलाई नै ताकेर भन्छ र त्यो ताकेको ठाउँमा खस्यो कि खसेन त्यो कुरा गर्छ ।त्यसकारण यो यसो मान्छेलाई ढाँटढुँट गरेर अल्मल्याएर काम चलाउनकालागी  यो सरकार होईन यस

सरकारले अल्मल्याउने ढाँटढुँट गरेर काम चलाउने होईन देशमा परिवर्तन ल्याउने उद्येश्यका साथ त्यसकारणयसलाई डाटामा खेल्नु छैनअस्ति मैले संसदमा बोले डाटामा खेलेर बिकास हुँदैन मलाई बिकास चाहिएको छ,परिवर्तन चाहिएको छर परिवर्तन ल्याउनेमलाई जनताले मेरो पार्टिलाई बहुमत दिएको छ पार्टिले मलाई प्रधानमन्त्रीको रुपमा बिकासको नेतृत वगर्ने जिम्मा दिएको छ ।त्यसो भएपछि मैले त्यस काममा केन्द्रित हुनुपर्छ मैले भनेको छु भ्रष्टाचार गर्दिन अरुलाई पनि भ्रष्टाचार गर्न दिदैन यो कथन होईन यो यथार्त होकोहिपनि भ्रष्टाचारमा भेटिदा छुट दिदैन । अब केहिकेहि कुरामा कहिले कहिले सफलता प्राप्त नहुन सक्छ । नेपाली समाजवास्तममा भन्ने हो भने ऋषिमुनि शन्तहरुको समाज त्यस्ता पुर्खाको यो देशमा बलात्कार ,सामुहिक बलात्कार, बालिका बलात्कार यो हामि नेपालिहरुले नै यस्तो गर्दैछौं भन्ने कुरा यो भन्न सून्न पर्ने मिल्ने कुरा होर ,त्यस्ता ऋषिमुनिका सन्तानआजबलात्कारिको रुपमा छन भन्ने तिम्रो देशमा त बालिका बलात्कार भयो अरेमहिलामाथि सामुहिक बलात्कारभयो अरेहत्या भयो अरेत्यो नेपालकै लागी अपमानको कुरा हो ।त्यसकारण हामिले हाम्रा युथहरुलाई सहि कुरा बताउनुपर्‍यो शुमार्ग दिनुपर्‍यो हामि नचाहिने कुरामा रमाउँछौं नचाहिने कुरामा उत्ताउला हून्छौं नचाहिने कुरालाई प्रोत्साहित गर्छौंएउटाले भुलचुखले एउटा गित बनायो अरे कता हो मैले  सुनेको लुट लुट लुटेर खा अरे लुट भनेर कसैले गित गाएर उस्ले जनताले मनपराएनन तिम्रोगितभनेपछियु ट्युवबाट हटायो अरे अर्को सांसदले त्यस्तो राम्रो महान गित लुटेर खान सिकाउने कुराजस्तो

गतिलो नेपालीलाई सुहाउने किन हटायो हाम्रो त बाटै त्यै हो २५ हजार त्यस गित बाफत पुरस्कार दिन्छु भन्यो अरेअचम्म लग्यो मलाई कता जान खोज्दैछौं हामि उनले भावनामा बगेर एकछिन एउटा गित लेखे यु ट्युवमा पनि हाले तर सबैले राम्रो गरेनौ भाई भनेपछि हटाए त सिद्धियोनी कुरो सरकारले केहि भन्या छैन सरकारले किन केहि भन्नुपर्‍यो सरकार यत्ति भन्छ शु बाटोमा हिँडौं,सरकार यत्ति भन्छ शुमार्ग पक्डिउँ शु विचार दिउँदेश बनाउने बाटो हिँडौंअनि प्रशमाथि अङ्कुश किन लगाउँछ सरकारले प्रेस स्वतन्त्रताका लागीअबम धेरै त भन्न चाहान्न लोकतन्त्रकालागीको प्रेसस्वतन्त्रताका लागीको अन्दोलनमाहामिभन्दा अलिकति बढ्तै लडेको कोहि छ भने मैले त देशभरि घुमेर भनेको छु हात उठाउ कोहि छ भने अनिहामि यत्तिकै चिट्ठा परेर त यहाँसम्म आएका होईनौं नी जेल,नेल,कष्ट,बलिदान,संघर्षत्यसको मैदानबाटआएका हौं हामि त्यसकारण हामिलाई यो प्रणालीसंग मत्लव छ माया छ यस प्रणालीलाई अगाडी बढाउनु छ लोकतान्त्रिक गणतन्त्र, मअसफल हुँदा म मात्र असफल हुने होइन धेरैचिज असफल हुन्छ प्रणाली असफल हुन्छ देश असफल हुन्छ त्यसकारण म यसलाई असफल हुन दिन्नभन्ने कुरा हो । म बाहेक अरुले सक्दैन म भन्दिन अरुकसैलाई जिम्मा लाउनत पर्छ नै कुनै दिनमा जिम्मा लाउने उपयुक्त समयमा जिम्मा लगाउँदा अगाडी बढ्ने गरि जिम्मा लगाउने म जबसम्म छु मैले ईमान्दारिताकासाथ त्यो काम गर्ने मेरो त्यत्ति हो र यसलाई नियन्त्रणगर्ने आर्कोलाई नियन्त्रण गर्ने होईनलोकतन्त्र हाम्रो समाज एउटा सभ्य समाज हो यो समाजको

लागी बलात्कार हत्या जस्ता कुराहरु हुनु अत्यन्त अशोभनिय कुरा हो अत्यन्त दुखद कुरा हो।एउटा हाम्रो चेली बलात्कार हुनुपिडादायक कुरा हो त्यस्ता अपराधिलाई पत्ता लगाउनु कानुनकोघेरामा ल्याउनु र हदैसम्मको कार्वाहि गर्नुआवश्यक छ ।अपराधिले कहिले कहिले प्रमाण यसरि नष्टयसरिगरेको हुन्छ कि त्यो पत्ता लाउन सकिदैन अनुमानका भरमा कसैलाई दोषि अपराधी भन्न मिल्दैन त्यस्तो अवस्थामा हामि एकपछि आर्को गरेर आयोगहरु छानविन समितिहरु बनाएको छौं सबै चोरैचोर छन भन्ने कुराहोईन सबै अपराधै रुचाउँछन र अपराधमै संलग्न हुन्छन भन्ने कुरा गलत हो । त्यसकारण हामिले छानविन गरिराखेका छौं अपराधि पत्ता लगाउने प्रयास जारि छ ।अत्यन्तै दुखद् कुरा हो फेरि पनि पत्ता लगाएर छोड्छौं यसमा सरकारको यति धेरै ध्यान छ कि पत्ता लगाएर छोड्छ भ्रष्टाचारिहरु जहाँ भएपनि अहिले यहाँहरुले देख्नुभो अख्तियारमै भएको पनि भ्रष्टाचारिलाई यसो त्यहाँनेर समाउदै जादाखेरि त अख्तियारमै पुग्छभने त्यहाँ पनिकार्वाहि चलाउने स्थिति भएपछि राजिनामै दिएर भाग्ने अवस्था पर्‍यो फेरि पनि कार्वाहि हुन्छ नै हुनैपर्छ ।हामि कहिँ भएपनि फरि त्यहाँनेर समाउदै जान्छौ कहिँ भएपनि निकाल्छौँ रकार्वाहि गर्छौ ।यस्तो विषयलाई यो त समाजका लागी एउटा अत्यन्त गम्भीर कुरा होत्यसकोअलिकति पछि फेरि आर्को बलात्कार काण्ड भयो हामिले धेरै गम्भीर हुनुपर्दछ । हामिकहाँ भएको सामाजिक सञ्जालको असर के पर्दैछ हामिकहाँ भएका लोकतन्त्रका उपयोग सम्बन्धी गलत मुल्यमान्यताहरुको के पर्दैछ । त्यस्ता क्राहरुमा हामि अत्यन्तै गम्भीर हुनु जरुरि छ । र

सरकारले स्वतन्त्रताका हकहरुरुलाईकुन्ठित गर्ने सिमित गर्ने होइनअघिनै मैले भने लोकतन्त्रको संकुचन होइन लोकतन्त्रको बिस्तार गर्ने लोकतन्त्रको पूर्णरुपमा त्यसको पुर्ण क्षेत्रफलको बिस्तार आजको आकाङ्छा हो हाम्रो निति हो र हाम्रा कदम हुन ।ति कदम अन्तर्गत हामिसमाजमा शान्ती सुव्यवस्था कायम गर्न चाहान्छौँ कसैलाईपनि कुनै हिसावले कुनै प्रकारको छूट गलत कानुन विरोधी अपराध कर्ममाहुँदैन ।त्यो कुरा मैले अघि पनि साथिहरुसमक्ष राखे । अब म धेरै समय नलिउँ मलाई यस प्रदेश सभामा आएरआफ्ना बिचारहरु राख्दा अत्यन्तै खुसि लाग्योर यस प्रदेशले अत्यन्त तिब्ररुपमा विकास गर्न सक्छमेरो विश्वास मसाथिहरुलाई भन्न चाहान्छुत्यो तपाईहरुको हातमा छ र तपाईहरुलाई यस काममा मद्धत पुऱ्याउन केन्द्र सरकार एकदमै तयार छ । जब जनता विकास चाहान्छ जब स्थानीय जनप्रतिनिधिहरुविकास चाहान्छन जब हाम्रा सम्पूर्ण जनप्रतिनिधि र यहाँको सरकार विकास चाहान्छ सबै तहका सरकारहरु विकास चाहान्छन हामिसंग यस्तो उर्वर  र यस्तो साधनस्रोत भएकोप्रकृति छ भनेविकास किन हुँदैनत्यसमाथि विकासका निम्ति कृतसंकल्पितसंघिय सरकार छ अत्यन्तै कृतसंकल्पित अनि विकास कसरि हुँदैन ।तर हामिलाई अब ढिलो विकास गर्ने सुविधा छैन हामिले छिटो विकास गर्नुपर्दछ नत्र अरु यति अगाडी बढि सक्छन कि हाम्रो विकासमा अवरोध हुन्छ । प्रतिस्प्रधा गर्न नसकेपछि जहाँ सस्तो त्यहाँ मान्छेले किन्छ त्यस्तै हुन्छविकास पनि अबतिब्र गतिमा हामि जान सकेनौँ भने यसपल्ट७ प्रतिशत भन्दा माथिको आर्थिक विकास हामि हाँसिल गर्छौं । अर्को वर्षबाट हामिले जुन

सुरुवात गर्दा अलमलको बर्ष व्यवस्थापनको वर्षजस्तो रह्यो त्यो सकिएपछि अर्को वर्ष हामिलगभग १०प्रतिशतको हाराहारिमा आर्थिक विकास गर्न सक्छौं ।त्यसपछि तेस्रो वर्षबाट हामि १० प्रतिशत भन्दा माथिकोआर्थिकविकास गर्न सक्छौं ।र हामिसंग केहि खानिहरु छन ढुङ्गा खानि छ  तेल खानि छहामिसंग अरुखानिहरु छन तिनिहरुको सदुपयोग गरेर उद्योगहरुको स्थापना गरेर कृषिको आधुनिकिकरणलाई पनि अलिकति अगाडी बढाएपछिहाम्रो उत्पादन बृद्धिदरह्वात्तै माथि जान्छ ।रमैले भनेको छु अबका चार वर्ष भित्र हामि अहिले सम्मको सबभन्दा द्रुत आर्थिक विकास भएका देशमध्ये नेपाललाई पुऱ्याउन सक्छौं ।त्यो सम्भावना छ त्योकुनैआधारहीन सम्भावना होइन त्यसका सम्भावनाहरु छन्। साधारणतया भन्ने हो भने यातायात हुम्ला बाहेक अन्यत्र पुग्यो डोल्पा पनि हामिले पुऱ्यायौं अबहुम्ला जिल्ला एउटा यातायातसंग जोड्न बाँकि छ २ वर्षभित्र हामि त्यो जोडीसक्छौं ।त्यसो भएपछि हाम्रा सबै सदरमुकामहरु जोडिन्छन७७ भध्ये एउटा सदरमुकाम बांकि छ ।त्यसलाई२ वर्षभित्र जोड्छौंसामाजिक सञ्जालपनि जोडिन्छ। अप्टिकल फाईबर हामि विच्छाईराखेका छौं । विद्यालयहरुलाई हामिले कम्प्युटर वितरण गरिराखेका छौं,आधुनिक शिक्षा तर्फ जोड दिईरहेका छौं ।प्राविधिक शिक्षातर्फ जोड दिईरहेका छौं ।प्राविधिक शिक्षालयहरुयसवर्ष अत्यधिक स्थापना भएका छन ईतिहासमा सर्वाधिक बढि आउँदो वर्ष हामि अझ ईतिहासमा सर्वाधिक बढि प्राविधिक शिक्षालय हामि स्थापना गर्ने छौंर सिप विकास रव्यावसायिक तालिमहरुको किसानहरुलाई तालिम व्यवसायिहरुलाई तालिम पनि चलाएकै छ । यसो

गरिसकेपछिसिंचाईका प्रवन्ध देखि लिएरविद्युतका आपुर्ति देखि लिएर सबै कुरा भईसकेपछि अब विकास किन हुँदैन । त्यसकारण हामि निराधार विकासको कुरा गरिराख्या छैनौं आधारयुक्त विकासको कुरा गरिराखेका छौं ।त्यसकारण म साथिहरुलाई भन्न चाहान्छु आफ्नो विश्वासविकासका अभियन्ताका रुपमा यहाँहरु अगाडी बढ्नुस् । पक्ष विपक्ष राजनितिमा हुन्छ तर विकास र विकास निर्माणका कामहरुमा बाटा बनाउने कुराहरुमा बिजुली बनाउने कुरा पशुपालनका कुरा अद्योगहरु निर्माणका कुरा उद्योगहरुको विकासका कुरा यि कुनैपनि कुराहरुमा पक्ष विपक्षको कुरा हुँदैन बजेट विनियोजनका कुराहरुमा सरकारि व्यवहारमा कुनै प्रकारको विभेद भएको छैन र गरिदैन ।मलाई एउटा प्रश्न के हो कि प्रदेशमा र संघिय संसदमा पनि प्रतिपक्षमाथि बिभेद नहोस बिभेद निश्चित रुपमा हुँदैन बिभेद भएको छैन ।एउटा साथिहरुले खतमै पार्ने भए डेमोक्रेषि पनि खतम पार्ने भए हामिलाई पनि पेलेर थिचेर खतम पार्नेभए भनेर एउटा समय थियो लोकतन्त्र पनि कलिलो थियो उचित परिभाषा गर्न सकेको थिएन ति अवस्था सम्झ्यौं मैले आक्षेप गर्नका लागी भनिराखेको होईन४८ सालमा बहुदल आएर संसद निर्वाचन भएपछि सरकार बनेपछि ५१ को निर्वाचन सम्ममा पुग्दा त्यस बेलाको ने.क.पा.एमालेका मात्रै ३० हजार कार्यकर्तामाथि मुद्धा लागेको थियो । त्यसपछि तुरुन्त म गृहमन्त्रि भए र मैले भने विपक्षीमाथि मुद्धा लगाउनु भनेको कुनै सुविरको काम होईन जाली मुद्धा लगाउनु कुनै मुद्धा लगाईदैन मैले त्यतिबेलै डिक्लियर गरेविपक्षसंगकोभेदभावपुर्ण व्यवहार हुनै सक्दैनकुनै मुद्धा त्यसैबेला त लागेन जतिबेला म

गृहमन्त्रि थिएअहिले भन्दा २५ वर्ष अगाडीको कुरा भयो ।आज पनि मभन्छु एउटा मुद्धा लाईएको छैन एउटा दमन गरिएको छैन एउटा गिरफतारि गरिएको छैन। हिजो शान्तिपुर्ण जुलुसमा जे हुन्थ्यो त्यलाई अनुभव कमि भनौं तर आज शान्तिपुर्ण जुलुस होईन सिमा नाघ्दाखेरि पनि सञ्यम अपनाएको छ सरकारले डेमोक्रेषि सिक्दै सिकाउँदैपनिजाने कुरा हो ।त्यसकारण दमनको भेदभावको त प्रश्नै उठ्दैन बोल्ने कुराहरुमा पनि जथाभावि बोल्ने पनिअलिकति प्रचलन छ ।त्यो प्रचलन पनि हामि दण्डित गरेर भन्दा पनि सम्झाएर त्यसरि हामि अगाडी बढाउन चाहान्छौंअबसाथिहरुले केहि भन्सारका कुराहरु गर्नुभएको छ यहाँ गौरिफन्टाका यति ढङ्गले विकास हुँदैछयत्रो ठुलो बाटो आउँदैछयस्तो आधुनिकिकरण हुँदैछ गेटा एयपोर्टलाई पुर्वतिर फर्काउने ठाउँ देख्छु म अलिकतिपुर्वतिर लानपनि सकिएला त्यसो भयो भने त्यसलाई अलिकति क्षेत्रियविमानस्थलको रुपमा पनि लान सकिएला अरु बाटाहरुको सम्बन्धमा मैले भने दोधारा चाँदनिमा सुख्खा बन्दरगाहको कुरा गनुभएको थियो साथिहरुले र बेतकोट नगरपालिकामा औद्योगिक क्षेत्रको स्थापनाको सन्दर्भमा रक्रिकेट स्टेटियम बनाउने कुरामा सेति लोकमार्गको कार्यालय अगाडी छिटो तिब्रगतिमा अगाडी बढाउनुपर्ने कुरामा वा पश्चिम सेति निर्माण गर्नुपर्ने कुरामामैले भनिसकेको छु पश्चिम सेति हुनसक्छ अलिकति प्राविधिक कुरामाघटबट गर्नुपर्ने हुनसक्छ कति मेघावाट बढाउने कतिड्यामकोहाईट बढाउने कति घटाउनेहनसक्छन तर त्ययो गर्नैपर्छ चैनपुर तक्लाकोवाला सडक निर्माणमैले भने यि डिमाण्डहरु साथिहरुका एकदम जायज

डिमाण्डहरु छन मलाई प्रदेशका मुख्यमन्त्रिज्युले दिनुभएको छ यो कुराहरु र प्रतिपक्षका नेताहरुले पनि यि कुराहरु दिनुभएको छ यसैगरि समाजवादि जनता पार्टिको तर्फबाट पनि दिनुभएको छसाथिहरुले दिनुभएका यि सवै कुराहरुलाई ध्यानमा राखेरमैले आवश्यक कदम केन्द्र सरकारबाट चाल्ने त्यो कुरा म साथिहरुलाई बिलकुलै आश्वस्त रहन आग्रह गर्दछु ।फेरि आर्को समयमा हामि भेट्नेछौं अर्को समयमा भेट्दा तपाईहरुले आज मैले बोलेका कुराहरुको रेकर्ड अध्ययन गरेरै त्यो कति पुरा भयोकति पुरा भएनकति अघिबढ्यो कति बढेन तपाईहरुको तर्फ र मेरो तर्फबाट समेत दुईटैको हिसाब किताब लिएर फेरि हामि छलफल गरौंला कति अगाडी बढ्यो कि बढेन प्रदेश कति अगाडीबढ्यो कि बढेन माथिकोले बढ्न सहयोग गर्‍यो कि गरेन त्यो म पनि हिसाब किताब समेत उपस्थित हुनेछु साथिहरुले पनि त्यो हिसाब किताब समेत उपस्थित हुनुभए हुन्छ ।म सबैलाई धेरै धेरै शुभकामना भन्न चाहान्छु र खास गरि सरकारका प्रमुखलाई पनि धन्यबाद भन्न चाहान्छुसरकारका मन्त्रिज्युहरुलाई पनि र यस प्रदेशसभाका सबै माननीयज्यु हरुलाई बिषेश धन्यबाद अथवा शुभकामना भन्न चाहान्छु र मलाई आमन्त्रण गर्नुभएर संघिय सरकारको तर्फबाट प्रधानमन्किो हैसियतले विचारहरु राख्ने अवसर दिनु भएकोमाहार्दिक धन्यबाद भन्न चाहान्छु सबैमा धन्यबाद ।

माननीय सदस्यहरुअब म सम्माननीय प्रधानमन्त्रिश्री के.पि.शर्मा ओलिज्युलाई सम्बोधनको लागी धन्यबाद दिदै हार्दिक

क्रितज्ञता प्रकट गर्दछु माननीय सदस्यहरु सम्माननीय प्रधानमन्त्रिश्री के.पि.शर्मा ओलिज्यु प्रस्थान गर्नुहुने समयमा सम्पूर्ण माननीय सदस्यहरुले आ आफ्नो स्थानमा उभिएर सम्मान प्रकट गरिदिनहुन आग्रह गर्दछु । यस बैठकको कार्वाहि यहि समाप्त हून्छ आजै १५मिनेटपछिअर्को बैठक बस्ने भएकोले उक्त समयको लागी यो बैठक स्थगित हुन्छ ।